# अध्याय - १

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल एक, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक बहुजातिय विविधताले सिंगारिएको राष्ट्र हो । नेपाललाई भौगोलिक रुपमा सानो भएता पनि सांस्कृतिक रुपमा विशाल राष्ट्रको रुपमा चिनिन्छ । हिमाल देखि तराईसम्म र पूर्व मेचिदेखि पश्चिम महाकाली सम्म गरि जम्मा १२५ जातजातिहरु रहेका छन् भने १२३ मातृभाषा बोल्ने जातजातिहरु बसोबास गर्दै आएका छन् (केन्द्रीय तथ्याङक विभाग, २०६८) । नेपालमा हाल बसोवास गरिरहेका १२५ जातीय समूहहरु मध्ये ५९ समूह वा जाति आदिवासी/जनजाति भनेर सूचीकृत गरिएको छ (राई, २०६९) । यी सबै जातिहरुको आ-आफ्नै प्रकारको संस्कार संस्कृतिहरु रहेका छन् । संस्कार संस्कृति तथा इतिहास त्यस्ता तत्व हुन् जसले त्यहाँको राष्ट्र र राष्ट्रियतालाई झल्काई रहेको हुन्छ । नेपाल बहुजातीय राष्ट्र भएकोले प्रत्येक जातजाति अनुसार भाषा, धर्म, रितिरिवाज, परम्परा, संस्कार, संस्कृति, भेषभूषा आदि फरक फरक रहेका छन् ।

यी ५९ जनजातिको समूहहरु मध्ये लिम्बु पनि एक हो । लिम्बु समुदायको आफ्नै मौलिक इतिहास, भाषा, संस्कृति रहेको छ । खास गरि नेपालको दक्षिण पूर्वको अरुण पारी बसोबास गर्ने लिम्बु जातिहरुले परापूर्व काल देखि नै विशेष आफ्नै मूल्य मान्यता र विश्वासहरुलाई आत्मसात गरि विशिष्ट पहिचानलाई कायम राख्दै आईरहेका छन् । यस ठाउँमा आफूले नै रस्ती रसाई बस्ती बसाई अर्थात् भस्मे खोरिया फाडेर मानव बस्ती योग्य बनाएको जनश्रुती रहेको छ ।

लिम्बुहरु पल्लो किरात अर्थात् तमोर खोलाको डोल देखि पूर्वको सिक्किम र भारतको सिमाना सम्म आदिकाल देखि बसिआएको हो । वर्तमान समयमा मेचि अञ्चल मानिने लिम्बुहरुको बासस्थान लिम्बुवानलाई स्थानीय परम्परामा दश लिम्बुवान भन्ने चलन छ (बिष्ट २०६४) । “लिम्बुवान नामाकरण हुनु अघि हालको लिम्बुवान क्षेत्रलाई ‘याक्थुङ लाजे’ भनिन्थ्यो र त्यहाँको निवासीलाई याक्थुम्वा भनिन्थ्यो । र लिम्बुवान राज्यको स्थापना पछि उनीहरुले आफ्नो जात याक्थुङवा बाट लिम्बुमा परिणत गरे ।” (लावती, २०६२) । लिम्बुहरुलाई व्यापक अर्थमा किरात भनिन्छ । उनीहरु किरात धर्म मान्छन् । किरात शब्द किरिआत, किर्‍यात वा किर्जय शब्दको अपभ्रंश रुप हो । यसको अर्थ किल्ला वा शहर हुन्छ । लिम्बुहरु आपसमा कुरा गर्दा आफूलाई याक्थुम्वा भन्छन् तर ब्राम्हण क्षेत्रीले भने लिम्बु भनेर नै चिन्दछन् (तुम्वाहाङ, २०६८) । लिम्बुहरु किरात धर्म मान्दछन्,

उनीहरुलाई किराती पनि भन्ने गरिन्छ । किरातहरु नेपालको एक ज्यादै पुरानो जाती हो । फादर गोसेफले सन् १७६९ मा लेखेका छन् - “अघि नेपालका सारा पहाडी खण्डलाई किराती देश भनिन्थ्यो ।” तर उनीहरुको इतिहास, संस्कृति, धर्म तथा व्यवहार बुझ्दा आरम्भमा नेपाल वाहिरबाट आएको प्रमाण बुझिन्छ (श्रेष्ठ, २०५८) । खास गरी अरुण पूर्वका लिम्बु जातीहरुले परापूर्व कालदेखि आज सम्म आफ्नो परम्परा, मूल्य, मान्यता र विश्वासहरु आत्मसात गरि आफ्नो विशिष्ट पहिचानलाई कायम राख्दै आएका छन् । लिम्बुहरुको हाल अवस्थित रहेको संस्कृति पूर्खाहरुकै देन हो । उनिहरुले बाच्नका लागि प्रकृति सँग संघर्ष गर्दा जुन कला अपनाए त्यो नै उनिहरुको संकार र संकृति हो (माबुहाङ, २०६९) ।

लिम्बु समूदायको संकार र संस्कृतिमा मौलिक र विशिष्ट प्रकारका नाचहरु रहेका छन् । जुन यालाङ (धाननाच), केलाङ (ढोलनाच), केङजोरी, ताम्राङे, आदि हुन् । यस मध्ये पनि लिम्बुहरुको सबभन्दा महत्वपूर्ण नाच केलाङमा(च्याब्रुङ नाच) लोक सांस्कृतिक बाजा के(च्याब्रुङ) लाई मौलिक सांस्कृतिक वाजाको रुपमा हाल सम्म पनि बजाउँदै आइरहेका छन् । लिम्बूहरुको कतिपय च्याब्रुङ बाजा विना संकारगत विधि नै पूरा हुँदैन । च्याब्रुङ बाजा विशेष गरि सुखको कार्यमा मात्र बजाइन्छ । यो च्याब्रुङ नाचको बिशिष्ट पक्ष हो । लिम्बुहरुले यसलाई अत्यन्तै सम्मान गर्छन् र यस प्रति विशेष मूल्य, मान्यता, र विश्वास राख्छन् । यो बाजा विशेष गरि कसरी बजाउने भन्ने ज्ञान पुरुषहरुलाई बढि हुन्छ साथै पुस्ता हस्तान्तरण नियम अर्न्तगत यो बाजा बजाउने, बनाउने, स्याहार व्यवस्थापन गर्ने तरिका हुन्छ (खजुम, २०७१) ।

लिम्बु समूदायको जीवनको हरेक पक्षसँग जोडिने एक मात्र बाजा च्याब्रुङ हो । अर्को भाषामा भन्दा लिम्बु जाती र च्याब्रुङ बाजा बीच घनिष्ट सम्बन्ध रहेको हुन्छ भन्दा अतियुक्ति नहोला । एक्काइसौं शताब्दिको विश्वव्यापीकरणको दुनियाँ र वाह्य संस्कृतिको अतिक्रमणले गर्दा आफ्नो मौलिक संस्कृति लोप हुने अवस्था छ । लिम्बु जातिको प्रमुख नाचमा गर्नु पर्ने विधि अत्यन्तै मौलिक प्रकारको छ तर यसो हुदाँ हुँदै पनि यस विषयमा पर्याप्त मात्रामा अध्ययन अनुसन्धान र शोधकार्य भएको देखिदैन त्यसैले यस विषयमा नविनतम् सत्य तथ्य थाहा पाउन थप जानकारी प्राप्त गर्ने उद्देश्यले यो अध्ययन गरिएको हो ।

## १.२.समस्याको कथन

नेपाल भौगोलिक रुपमा सानो भएता पनि विश्व मानचित्रमा नेपाललाई बहुजातिय, बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक विविधताले भरिपूर्ण देश भनेर चिनिन्छ । कुनैपनि राष्ट्रको निर्माण हुन विभिन्न किसिमका भाषा, संस्कार, संस्कृति, जाति, भेषभूषा, साथै संस्थाहरुको आवश्यकता पर्दछ । यी सवै जातीय मौलिकतालाई संरक्षण र सम्बर्धन गर्न सकेको अवस्थामा मात्र राष्ट्रियता जिवित रहन सक्छ । एक्काइसौ शताब्दीको विश्वव्यापीकरणको दुनियाँ र संचार माध्यमको विकाशले विशेष गरि विकाशोन्मुख राष्ट्रमा यसको असर र प्रभाव बढि परिरहेको छ । लिम्बु समूदायमा पनि प्राय आर्थिक कारणले देश विदेश जाने बसाई सर्ने, पढेलेखेका र युवा वर्गमा अत्यन्त्यै वाह्य संस्कृतिले प्रभाव जमाएको छ । यसरि बाह्य संस्कृतीले गर्दा लिम्बुहरुको लोक सांस्कृतिक नाच च्याब्रुङ मा पारेको प्रभाव, यस नाचमा महिला र पुरुषको सहभागिता बारेमा बुझ्ने, यस नाचमा कस्तो प्रकारको गीत गाईन्छ वा गीत गाइदैन, यसले लिम्बुहरुको जनजीवनमा कस्तो प्रभाव पारेको छ, आदिका वारेमा बुझ्ने प्रयास गरिनेछ । यसलाई बूँदागत रुपमा यसरी देखाइएको छ -

१)चौबिस थुममा कति प्रकारका च्याब्रुङ नाचहरु प्रचलनमा छन् ?

२) पहिचानको राजनितिमा च्याब्रुङ नाचको के-कस्तो महत्व र भूमिका रहेको हुन्छ ?

३) च्याब्रुङ नाचमा महिलाको भूमिका र लैङ्गिक समानताको स्थिति कस्तो छ?

४) वर्तमान अवस्थामा च्याब्रुङ नाचको संरक्षण र संबर्धनका लागि के-कस्ता प्रयासहरु भएका छन्?

६) च्याब्रुङ निर्माणमा सामग्री संकलन गर्न कतिको कठिन हुन्छ ?

७) युवाहरुमा च्याब्रुङ नाच सिक्न रुची छ कि छैन ?

## १.३ अध्ययनको उद्देश्य

हरेक अध्ययन अनुसन्धान गर्नुको उद्देश्य रहेको हुन्छ । यस अध्ययनको मुख्य उद्देश्य लिम्बू समूदायको प्रचलित नाच च्याब्रूङ को बारेमा सम्पूर्ण समाजमा जानकारी गराउने तथा वर्तमान पुस्ताहरुमा यस नाच प्रति आएको अरुचीका कारणहरु खोजी गर्ने उद्देश्यले अध्ययन गरिएको हो ।

जस मार्फत विभिन्न व्यक्ति तथा संस्थालाई पनि केहि हदसम्म सहयोग पुग्ने उद्देश्य रहेको छ । उद्देश्यहरु निम्नानुसार उल्लेख गरिएका छन् -

१) चौबिस थुममा प्रचलित च्याब्रुङ नाचका प्रकारहरुको बारेमा विश्लेषण गर्ने ।

२) च्याब्रुङ नाचमा महिलाहरुको भूमिका र पहिचानको राजनीतिका लागि च्याब्रुङ नाचको प्रयोगका बारेमा विश्लेषण गर्ने ।

३) वर्तमान अवस्थामा च्याब्रुङ नाचको संरक्षण र सम्बर्धनका लागि भएका प्रयासहरुको विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

जनजातिहरुको पहिचानलाई पूर्ण गराउने एउटा महत्वपूर्ण परिभाषा उनीहरुको आफ्नै मौलिक संस्कृति हो । समाजशास्त्रिय वा मानवशास्त्रिय दृष्टिकोणमा समाजमा रहने जनजातिहरुको अध्ययन एउटा महत्वपूर्ण अध्ययन हो । यस्ता अध्ययनहरुले स्थानिय स्वरुप, जनजातिहरुको सामाजिक, सांस्कृतिक लगायत विविध पक्षको जानकारी गराउनका साथै संस्कार र संस्कृतिको संरक्षण र सर्म्वद्धन गर्न पनि सहयोग पुऱ्याई रहेका छन् । प्रत्येक संस्कृतिले राष्ट्रिय गौरवको प्रतिनिधित्व गर्नुका साथै समाजलाई व्यवस्थित रुपले सञ्चालन गर्न महत्वपूर्ण भूमिका खेलिरहेका हुन्छन् । लिम्बु समूदायको पहिचान गराउने संस्कृति अन्तरर्गत च्याब्रूङ नाच पनि एक हो । च्याब्रूङ नाच लिम्बुहरुको जनजिवनमा प्रभाव पार्ने परम्परागत लोक सांस्कृतिक नाच भएकोले यो महत्वपूर्ण छ ।

यस अध्ययनबाट नेपालको जनजातिहरुको संस्कार, संस्कृति, परम्परा कुन ठाउँमा कस्तो प्रकारको छ र कसरी त्यसलाई अपनाउने गरिएको छ भन्ने कुरालाई अन्य समुदायको संस्कृतिसंग तुलनात्मक अध्ययन गर्नको लागि यस अध्ययनको महत्व रहेको छ । यस अध्ययनबाट नेपालको जनजातिहरुको संस्कार, संस्कृति, परम्परा कुन ठाउँमा कस्तो प्रकारको छ र कसरी त्यसलाई अपनाउने गरिएको छ भन्ने कुरालाई अन्य समुदायको संस्कृतिसंग तुलनात्मक अध्ययन गर्न र छुट्टै पहिचान गराउनको लागि यस अध्ययनको महत्व रहेको छ ।

## १.५. अध्ययनको संगठनात्मक ढाँचा

प्रस्तुत अध्ययन सात अध्यायमा विभाजन गरिएको छ, जसलाई क्रमैसंग यसरी प्रस्तुत गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभुमि, समस्याको कथन, अध्ययनको उद्देश्य र अध्ययनको महत्व रहेको छ । दोस्रो अध्यायमा अध्ययनको सैद्दान्तिक अवधारणा र पूर्व साहित्यको अध्ययन रहेको छ । तेस्रो अध्यायमा अनुसन्धान विधि, अध्ययनको क्षेत्र छनौट, तथ्याङ्क विश्लेषण प्रकृया रहेको छ । साथै अध्ययन क्षेत्रको परिचय रहेको छ । चौथो अध्यायमा धनकुटा जिल्लाको सामाजिक, सांस्कृतिक, आर्थिक, स्थितिको बारेमा उल्लेख गर्नुका साथै चौबिस थुमको परिचय पनि उल्लेख गरिएको छ । पाँचौ अध्यायमा लिम्बु जातीको परिचय, च्याब्रुङ नाचको उत्पत्ती सम्बन्धि विभिन्न तथ्यहरु, च्याबुङ नाचको प्रस्तुतीकरण र चौबिसमा प्रचलित च्याब्रुङ नाचका बारेमा उल्लेख गरिएको छ । त्यसैगरि छैठौं अध्यायमा च्याब्रुङ नाच महिलाहरुको भूमिका र पहिचानका राजनितिका लागि च्याब्रूङको प्रयोग र यसको संरक्षण र सम्बर्धनका लागि गरिएका प्रयासहरुको अध्ययन गरिएको छ । सातौं अध्यायमा सारंस र निश्कर्ष रहेको छ । अन्त्यमा सोध कर्ताले अध्ययन गरेको सामाग्रीको सुची, शोध कार्यको लागि प्रयोग गरिएको अर्धसंरचित प्रश्नावली समाविष्ठ गरिएको छ ।

# अध्याय - २

# पूर्वसाहित्यको अवलोकन

## २.१. सैद्दान्तिक अवधारणा

कुनै पनि बिषयवस्तुको अनुसन्धान वैज्ञानिक हुनुलाई कुनै परिचित सैद्दान्तिक दृष्टिकोणमा आधारित हुनुपर्ने भएकोले यस समाजशास्त्रीय अध्ययन अर्न्तगत "लिम्बु जातिको प्रचलित च्याब्रुङ नाच र महिलाको सहभागिता" शीर्षकको शोधपत्र तयार गर्नका लागि संरचनात्मक प्रकार्यात्मक सिद्धान्तलाई आधार मानिएको छ ।

समाजशास्त्रको निर्माण सिद्दान्त र दृष्टिकोण दुई ओटा भागहरु मिलेर बनेको हुन्छ सिद्दान्त विभिन्न अवधारणा, परिभाषा, प्रस्ताव आदिको अन्तर सम्वन्धको एउटा संयोजन हो जसले घटनाहरुमा चलहरुको सम्बन्धलाई बिश्लेषण गर्दै घटनाक्रमको व्याख्या र भविष्यवाणी गर्दछन् ( Kerlinger,1973) । बस्तुलाई हेर्ने फरक हेराइ नै दृष्टिकोण हो । दृष्टिकोणले सामाजिक जीवन बुझ्नका लागि हेराई प्रदान गर्छ । यसप्रकार सिद्दान्तले घटना तथ्यहरु अवस्थाहरुको व्याख्या गर्ने कार्य गर्छ भने दृष्टिकोणले घटनाहरुलाई बुझ्नका लागि हेराइ प्रदान गर्छ ।

समाजमा हुने प्रत्येक घटनाक्रमको सामाजिक व्यवस्थाका लागि सकारात्मक कार्य गरेका हुन्छन् भन्ने मान्यता संरचनात्मक प्रकार्यात्मक दृष्टिकोण पाईन्छ । सामाजिक सम्वन्धहरुको संजाल नै सामाजिक संरचना हो । सामाजिक संरचना सामाजिक संगठनको मुख्य स्वरुपबाट सम्वन्धित अथवा समूह, संघ वा संस्थाको फरक र समाजको निर्माण गर्ने यस्ता तत्वहरुको मिश्रण हो । सामाजिक संरचनाको....पूर्ण वुझाईले तुलनात्मक संस्थाको सम्पूर्ण क्षेत्रको पुनः निरिक्षणलाई समावेश गर्छ । (Ginsberg, 1947) । सामाजिक संरचनाका विभिन्न घटकहरु भनेका व्यक्तिहरु नै हुन् यस्ता व्यक्तिहरु आपसी सम्बन्धमा बाधिएर एउटा संरचना निर्माण गर्न पुग्छन् (Brown, 1952) ।

संरचनात्मक प्रकार्यात्मक दृष्टिकोण अनुरुप जसरी सिंगो समाज संचालन हुन विभिन्न संकार संस्कृतिले प्रकार्य गरिरहेको हुन्छ सोहि प्रकारले लिम्बु समूदायमा पनि च्याब्रुङ नाचले प्रकार्य गरिरहेको हुन्छ । यस्ता नाचहरुले उनीहरुको संस्कृतीलाई मात्र झल्काउने नभई मानसिक र शारिरीक रुपमा पनि तन्दुरुस्त बनाउदछ । च्याब्रुङ नाचका विभिन्न प्रकारहरुले उनिहरुले दैनिक जीवनका घटना र कार्यहरु लाई झल्काईरहेको हुन्छ । जस्तैः पशुपंक्षी, तथा जीवजन्तुको नक्कल गर्दै च्याब्रुङ नाचिन्छ यस बाट लिम्बुहरु प्रकृति प्रेमि छन् भन्ने बुझ्न सकिन्छ । साथै, सम्पूर्ण समुदायका

धनि, गरिव, साना, ठूला, बुढा-बुढी जो कोहिले पनि यो नाच नाच्न सक्ने हुदा समाजमा समानताको स्थिति लाई सुनिश्चितता गर्दछ । च्याब्रुङ नाच लिम्बुहरुलाई सामजमा विभेद रहित घुलमिल गराउने एउटा प्रमुख माध्यम हो । यस्ता नाच नाचिने अवशरहरुले नै एकअर्का संग भेट भई आफू लिम्बु समूदायको हो भनेर चिनजान गर्ने गर्छन् । लिम्बुहरुको मौलिक सांस्कृतिक नाच च्याब्रुङ सामाजिकिकरणको एउटा महत्वपूर्ण र सहज प्रक्रिया पनि हो । कुनै गाउँमा च्याब्रुङ बजेको आवाज सुनेर त्यहि गाउँका साथै वरिपरिका गाउँका समेत कामकाज छाडेर जम्मा भई रमाईलो गर्ने गर्दछन् ।

आइत खजुमका अनुसार- नराम्रा ईष्या, आँखिडाही, प्राकृतिक प्रकोप लाई च्याब्रुङको आवाजले भगाउने गर्दछ (खजुम, २०७१) । बीर बहादुर लिम्बुलाई सोधिएको च्याब्रुङको बारेमा लिइएको अर्न्तवार्ता अनुसार "च्याब्रुङको आवाजले मनमा मात्र नभएर घर परिवार तथा समाजमा नै शान्ती ल्याउनुका साथै निराश भएको मनमा नयाँ जोश जाँगर भरि दिन्छ ।" मानिस समाजमा रहेर मात्र हुदैन खुशी पनि हुनुपर्छ, जसले सामाजिकिकरणको प्रक्रियामा तथा जीवन जीउन सहजता तुल्याउछ । विवाह तथा अन्य कार्यक्रममा नाचिने च्याब्रुङमा केवल लिम्बुहरुले मात्र सहभागिता नजनाई अन्य समूदायकाहरुले पनि सहभागिता जनाउँछन् । उनीहरुलाई नाच्न नआए पनि सिक्दै नाचिरहेका हुन्छन् । यसले समाजमा रहेका सबै जातिहरु मिलेर बसेको र एक अर्काको संस्कृति लाई अनुकरण गरी सामाजिक संरचनाको निर्माण गर्न प्रकार्यात्मक कार्य गरिरहेको हुन्छ । अब्राहम फ्रान्सिसका अनुसार- "समाजमा हुने सामाजिक भेला, सार्वजनिक समारोह बैठक, र्‍याली आदिमा भएका क्रियाकलापहरुमा पनि प्रकार्यात्मक कार्य भईरहेको हुन्छ ।" सामाजिकिकरणको प्रक्रियामा च्याब्रुङ नाचले समाजमा रहेका एउटै समूह, बर्गका र भावना बाकेका मानिसहरुलाई समूदायमा मेलमिलाप गराएर राख्छ साथसाथै सामाजिक संरचनाको विकाश गरि एउटा सामाजिक संस्थाको रुपमा प्रकार्य गर्दछ ।

च्याब्रुङ नाचले समाजमा रहेका मानिसहरुलाई एकै शुत्रमा बाधेर राख्दछ । सबै जात, उमेर समूहका मानिसहरुको एकै ठाउँमा जमघट हुने र एकअर्कामा चिनजान गरि रमाईलो गर्ने हुनाले भेदभाव हुदैन । यस्तो अवशरमा नयाँ सम्बन्ध पनि जोडिने गर्दछन् । यसले गर्दा समाजिक प्रणालीमा जैविकिय र सामाजिक प्रकृयाको रुपमा प्रकार्य भइरहेको हुन्छ । रेडक्लिफ ब्राउनका अनुसार- समाज भित्रका अंगहरुले सधैं भरि उक्त समाजको एकताका लागि प्रकार्य नगरेको पनि हुनसक्छ अर्थात् सधै सकारात्मक मात्र नभई नकारात्मक परिणामहरु पनि आउने गर्दछन् (Brown, 1952) । यसप्रकार नै

यस नाचमा पनि सधैं एकता र मेलमिलाप मात्र नभई द्वन्द्व पनि हुने गर्दछ । यसको उदाहरणमा गाउँमा जसको च्याब्रुङ राम्रो छ राम्ररी बज्दछ र नाच्छ पनि उसलाई सबैले मान्छन् जसले गर्दा त्यति राम्रो च्याब्रुङ नबज्ने मानिसहरुले सो मानिस प्रति डाहा गरिरहेको हुन्छ, र अप्रत्यक्ष रुपमा उसको अहित हुने कार्य गरिरहेका हुन्छन् । लिम्बुहरुको विवाह तथा अन्य शुभ कार्यहरुमा जति च्याब्रुङको महत्व र अनिवार्यता छ त्यति नै परम्परागत पेय पदार्थ (जाँड, रक्सी, निघार) हरुको पनि रहेको हुन्छ । अरु बेला भन्दा यस्तो अवशरमा बढि प्रयोग गर्छन् र मातेर झै-झगडा गरि समाजमा कोलाहल उत्पन्न भई द्वन्द्वको सृजना हुन्छ । जसले गर्दा अन्य जाति तथा समूदायका मानिसहरुको नजरमा नमिल्ने, बढि खाएर झगडा गर्ने समूहका रुपमा देखा पर्दछन् । यसरी लिम्बुहरुले आफैले आफ्नो संस्कृतीलाई विकृत गराउँदछन् । तर पनि उनीहरुले आफ्नो संस्कृतीलाई मान्न र सम्मान गर्न भने छाड्दैनन् ।

## २.२.पूर्वसाहित्यको पुनरावलोकन

नेपाल विश्वमान चित्रमा सानो भएता पनि नेपाल एक विविध जातजाति, बहुभाषिक, बहुसंस्कृतिक, बहुधार्मिक क्षेत्रमा बसोबास गर्ने मानिसहरुको राज्य भएकोले समाजशास्त्री तथा मानवशास्त्रीहरुको अध्ययनक्षेत्रको लागि अत्यन्तै महत्वपूर्ण मानिएको छ । “नेपाल समाजशास्त्रिय तथा मानवशास्त्रिय दृष्टिकोणले अध्ययन र अनुसन्धानको निमित्त स्वर्ग नै मानिन्छ ” (बिष्ट,२०६४) । उत्तरमा चिन पूर्वमा भारतको सिक्किम र पश्चिममा बङ्गाल राज्यको दार्जिलिङ जिल्ला, दक्षिणमा विहार र उत्तर प्रदेश राज्य तथा पश्चिममा उत्तर प्रदेश राज्यकै अलमोडा जिल्ला यति चार किल्ला भित्र सानो नेपाल बहुआयामिक, बहुसांस्कृतिक, धार्मिक परिवेशमा अवस्थित समाजमा विविध प्रकारका वा आ-आफ्नै जाति, धर्म संस्कृति अनुसारको परम्परा पनि रहेका छन् । जसमध्ये लिम्बुहरुको अति नै महत्वपूर्ण लोक सांस्कृतिक नाच च्याब्रुङ नाच हो (बिष्ट,२०६४) ।

नेपालमा जातिय विविधताका साथै परम्परागत लोक सांस्कृति र संस्कारको वाहुल्यताले गर्दा विश्वका विभिन्न राष्ट्रको अनुसन्धानको केन्द्र बन्न पुगेको छ । धेरै समय पहिले बाट नै विदेशीहरुले नेपालमा आफ्नो अध्ययनको क्षेत्र बनाए पनि नेपाली अनुसन्धानकर्ताहरुले भने १९५० पछि मात्र विधिवत रुपमा अनुसन्धान गरेको पाईन्छ । जसमा नेपाली १९६५, द्वारा कीर्तिपुरको पाँगामा बसोबास गर्ने नेवार समुदायको सामाजिक सांस्कृतिक र आर्थिक पक्षको बारेमा अध्ययन गरिएको

थियो । यसर्थ नेपालमा समाजशास्त्रिय/मानवशास्त्रिय अध्ययन अनुसन्धान सन् १९५० पछाडी नेपालमा बसोबास गर्ने लिम्बु जातिको लोक सांस्कृतिक नाच सम्बन्धि साथै यस शिर्षक सम्बन्धित सान्दर्भिक साहित्यको पुनरावलोकन निम्नानुसार रहेका छन् :

नेपालको पूर्वी पहाडी इलाका लिम्बुहरुको पूर्ख्यौली थलो हो । वर्तमानमा मेची अञ्चल मानिने यो पुरानो लिम्बुहरुको बासस्थान लिम्बुवानलाई अझै पनि स्थानीय परम्परामा दश लिम्बुवान भन्ने चलन छ । लिम्बुहरुको संस्कारहरु मध्ये विवाह संस्कार महत्वपूर्ण हो । विवाह संस्कारमा दुलही आफ्नो बावुको घरबाट विदा भई दुलहाको घर जान्छे र दुलही भित्राउने दिन दुलाहाको गाउँले इष्टमित्र लोग्ने मानिसद्वारा च्याब्रुङ नाच नाच्ने गर्दछन् । यसरी लिम्बुहरुको विवाहमा विशेष गरी पुरुषको विवाहमा चोरी र मागी दुबै विवाहमा च्याब्रुङ नाच नाच्ने गरिन्छ (बिष्ट २०६४) ।

लिम्बु अथवा याक्थुम्वाहरु किरात धर्म मान्छन् । तिब्बतियन मूलका लिम्बुहरु पूर्वी पहाड र हिमाली क्षेत्रमा बसोवास गर्छन् । यिनिहरुको जम्मा जनसंख्या नेपालमा ३,८७,३०० छ भने नेपालका साथै भारतको सिक्किम, अछाम, दार्जिलिङ्गमा पनि लिम्बुहरु परापूर्वकालदेखि नै बस्दै आएका छन् (https://www.Wikipedia.org.com) ।

च्याब्रुङ नाच दक्षिण पूर्वी नेपालमा प्रचलित छ । राई र लिम्बु दुवैले च्याब्रुङ नाचमा सहभागिता जनाउछन् । राई र लिम्बु दुई भिन्न जातका भएता पनि एकै किरात धर्म मान्छन् । च्याब्रुङ नाच विशेष गरी लिम्बु हरुको महान चाड चासोक तङ्नाम र बिवाहमा नाचिन्छ । यो नाच आमा र वच्चाको मायालाई प्रस्तुत गर्दै नाचिन्छ । यस नाचले ईश्वर आमा (युमासाम्माङ) को माया झल्काउन खोज्छ, किनकि उनिहरु विश्वास गर्छन् कि इश्वर आमा हो र मानिसहरु बच्चा हुन् । ( https://www.Nepalesfolkdance.blogpost.com) ।

च्याब्रुङ एउटा ड्रमको प्रकार हो । यो लिम्बुहरुको एउटा म्यूजिकल इन्ट्रूमेन्ट हो । विशेष गरी धार्मिक चाडपर्व, विवाहमा यो नाच नाच्ने गरिन्छ । यस नाचमा महिला र पुरुषले लाईन वनाएर गोलो घेरा बनाई च्याब्रुङ को धुनमा आफ्नो खुट्टा हल्लाउने गर्दछन् (https://www.Infoilam.blogpost.com ) ।

लिम्बुहरुको आफ्नो छुट्टै लोक संस्कृति छ । तिनै लोक संस्कृति भित्र विभिन्न भाकामा गीत गाउने नाच्ने परम्परा रहेको छ । त्यस मध्ये च्याब्रुङ नाच पनि एक हो । यो हङ्गसिङ्ग (खमारीको रुख) को गीडको बीच भाग खोली दुबैतिर बाघको छाला मोडेर बनाईने एक प्रकारको बाजालाई च्याब्रुङ

भनिन्छ । यसबाट निस्कने आवाजको अनुकरणात्मक शब्द 'च्याङ' र 'भ्रूङ' वा 'भ्रङ' को संयोजनबाट 'च्याब्रुङ' नामाकरण भएका हो (तुम्बाहाङ,२०६८, पेज–१६६) ।

लिम्बुहरु विशेष गरी विवाहमा च्याब्रुङ नाच बढि नाच्ने गर्दछन् । अन्य अवस्थामा भन्दा मागी विवाहमा गाँउले हरु सबै मिलेर हर्सोल्लासका साथ यो नाच नाचिन्छ । जब आफ्नो गोत्र बाहिरको केटी सित कुरा छिनेर रितभात बुझाई केटाको गाउँमा लगेपछि सिधै केटाको घरमा नलगी अर्कै घरमा राखिन्छ । यस बेला केटाको घरमा रक्सी र मासुको भोज सँगै नाचगान चार दिन सम्म चलिरहन्छ । बिवाहको दिन च्याब्रुङ नामको ठूलो ढोलक जस्तो बाजा लिम्बुहरुले नै बजाउने गर्दछन् । दिउसो दुलही भित्र्याए पछि बेलुका फेदाङ्माले मूल खाबा छेउमा [a] मुन्धुमका मन्त्र उच्चारण गरेर एक जोर भाले पोथी काटेर लगन गर्दछन् । लगन सके पछि मूल खाँबालाई तीन पल्ट च्याब्रुङ बजाउँदै नाच्दै परिक्रमा गरेपछि मात्र बिवाह सम्पन्न हुन्छ । लिम्बु समूदायको प्रचलित नाच धाननाच पछिको नाच च्याब्रुङ नाच हो । लिम्बुहरु यसलाई कुसरक्पा नाच पनि भन्दछन् किनकी च्याब्रुङ्ग नाचमा सर्वप्रथम जुन मंगलाचरण गाइन्छ त्यसलाई कुसरक्पा भन्दछन् । पालाम नामको मंगलाचरणमा श्रृङ्गाररस पाईन्छ भने कुसरक्पामा वीररस पाईन्छ (शर्मा, २०५८) ।

**निङवा एन(लिम्बु साँस्कृतिक म्यूजिक भिडियो) मा देखाइएको च्याब्रुङको उत्पतीको सम्बन्धमा कथा उपकथाहरु :**

च्याब्रुङको उत्पतीको सम्बन्धमा धेरै कथा उपकथाहरु रहेका छन् । यो भिडीयोमा देखाइए अनुसार परापूर्बकालमा एउटा यात्रु रुखको फेदमुनी बास बस्दा रुखमा गुनगुनाएको माहुरीको सुमधुर आवाजले प्रेरित भएर उक्त रुखलाई काटेर च्याब्रुङ बनाए भन्ने भनाई छ । किम्बदन्ती अनुसार प्रारम्भमा हङसिङ (खमारी) को रुखबाट च्याब्रुङ र पाङ्ग्रेसिङ (धयेरोको काठ) बाट हिर्काउने लट्ठी ( हाल भने विभिन्न प्रकारका रुखबाट बनेको पाईन्छ) र के अर्थात् बाघको छाला लगाएर बनाइन्थ्यो ( बर्तमानमा गोरु, मृग, बाखा तथा अन्य जनावरको छालाबाट बनाईन्छ) भन्ने जनश्रुती छ । च्याब्रुङ नाच पृथ्वीका जलचर, थलचर प्राणीहरु, किराफट्याङ्ग्रा, जीवजन्तु पशुपंक्षीहरुको नक्कल बाट उतारिएको भन्ने भनाई छ । च्याब्रुङ नाचलाई विभिन्न अवशरमा प्रयोगमा ल्याइन्छ । जस्तै :

१) घरपैचो (थक्थाम हिमलिलि): घरमा धमिरा नलागोस्, किराफट्याङ्ग्रा नलागोस्, आँधीबेरीले असर नगरोस्, घरमा लक्षीन र सुख शान्तीले छाओस् भनेर घर भित्रका हरेक कुना-कुनामा र बाहिर च्याब्रुङ बजाउदै नाचिन्छ ।

२) विवाह (तेन्धाम मेक्खिम): लिम्बुहरुको विवाहमा च्याब्रुङ (केलाङ्ग) विशेष रुपले नाचिन्छ । यसरी नाच्दा सर्वप्रथम कसरक्पा नाच, भगवान नाच, पशुपंक्षी र जनावरको नाच, खाजापानी माग्ने नाच र लगन गरिसके पछि आशिर्वाद दिने नाच र विदा माग्ने नाच नाचिन्छ ।

३) कूल पूजा (दुङ्गदुङ्गे): च्याब्रुङको बजाउने दुई भाग हुन्छ । हातले बजाउने हुकयागे र लट्ठीले बजाउने सिंगजागे हुन्छ । पूजाको बेला च्याब्रुङ विशेष तरिकाले येवा र साम्बाले मुन्धुम उच्चारण गर्दै नाच्छन् । च्याब्रुङको लट्ठीले बजाउने पट्टी दुङ्गदुङ्ग दुङ्गदुङ्ग गर्दै एकोहोरो बजाइन्छ ।

४) माङ्गलाङ्ग (देवनाच): यो नाच प्राय सत्यहाङ्गमा किराँतीहरुले नाच्ने गर्दछन् । माङ्गलाङ्ग नाचमा एकतारे, च्याब्रुङ र झ्याम्टा बजाएर नाचिन्छ ।

याक्थुम्बा लिम्बु समूदायमा च्याब्रुङ बजाउने, बनाउने र नाच्ने तरिका विशेष गरी परिवारका बुवा बाट छोरामा हस्तान्तरण हुने गर्दछ । गाउँमा जसको च्याब्रुङ राम्ररी बज्छ, नाच्न सिपालु हुन्छ उसको इज्जत अरुको भन्दा राम्रो हुन्छ र सो व्यक्ति सित केटीहरु बोल्न, जिस्कन र धान नाच्न खोज्ने हुन्छ । च्याब्रुङ नाचमा मनैबाट लागि पर्ने र नाच्ने व्यक्ति कमै मात्र हुन्छन् । विशेष गरी फुर्सदिलो व्यक्ति, घरको साइला, माइला छोराहरु च्याब्रुङ नाच नाच्ने गरको देखिन्छ । (लाटो पहाड)

लिम्बुहरु अवशर पाउनु बितिकै जहिले र जुनसुकै बेला पनि समूहमा नाच्ने गर्दछन् । यसरी उनीहरुले नाच्ने नाचलाई प्रमुख रुपमा दुई वर्गमा विभाजन गरिएको छ । पहिलो, च्याब्रुङ नाच (के-लाङ्) यो विशेष गरी धार्मिक कार्यक्रम र विबाह समारोहमा नाचिन्छ । दास्रो, धान नाच (याराक्मा) यो विशेष गरी बाली भित्र्याउदा नाचिन्छ र यसमा बाजा चाहिदैन । च्याब्रूङलाई तीन ओटा नामले चिनिन्छ । थक्थाम्मा- घरपूजामा नाचिने, दुङ्दुङ्गे- भगवानको पूजा गर्दा नाचिने, मेक्कामगे- विवाहमा नाचिने नाच आदि (Chemjong,2003)।

लिम्बुहरुको च्याब्रुङ नाचमा एकातर्फ सूचना, सञ्चार, आधुनिकिकरण, शहरीकरण, शिक्षा, बसाइसराई, राजनीतिक, यातायात आदिको कारणले गर्दा पछिल्ला पुस्ताहरुमा चासो नलिने तथा जानकारी नहुने स्थिति छ भने अर्को तर्फ वर्तमान अवस्थामा जातीय पहिचानको आवाज उठिरहेको बेला संस्थागत रुपमा आफ्नो संस्कृतिलाई संरक्षण गर्ने अभियानमा लागिरहेका

## अध्याय - ३

## अनुसन्धान विधि

कुनै पनि क्षेत्र वा बिषयसंग सम्बन्धित तथ्यहरुको बारेमा क्रमबद्ध एवं व्यवस्थित तवरबाट अनुसन्धानको निम्ति अपनाइने प्रक्रिया अनुसन्धान विधि हो । यो अनुसन्धान कर्ताले अनुसन्धान कार्य सम्पन्न गर्न प्रयोग गरिने विधि हो । सैद्धान्तिक वा व्यवहारिक जुन कुनै अनुसन्धान समस्याको बारेमा केही कुरा पत्ता लगाउने निश्कर्षमा पुग्न, नमुना छनौट, अध्ययनको क्षेत्र, अध्ययनको औचित्य र सिमा, समस्याको विश्लेषण, तथ्याङ्क संकलन विधि, तथ्याङ्कको प्रकृति र स्रोत ( प्राथमिक र द्धितिय ) को प्रयोग गरी अत्यन्त्यै सतर्कताका साथ अध्ययन गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

कुनै पनि विषयमा अनुसन्धान गर्नको लागि सर्वप्रथम कुन क्षेत्रलाई केन्द्रित गरेर अध्ययन गर्ने हो सो को जानकारी हुन आवश्यक छ । नेपालको पूर्वि पहाडी क्षेत्रमा बसोबास गर्ने किरात लिम्बुहरुको च्याब्रुङ नाचको अध्ययन गरी लिम्बू जातीको संस्कृतिलाई प्रतिनिधित्व गर्ने गरी धनकुटा जिल्लाको पूर्वि भेगमा अवस्थित लिम्बुहरुको बसोबास रहेको चौबिस थुममा रहेका याक्थुम्बाहरुको लोक सांस्कृतिक नाच च्याब्रुङलाई अध्ययनको केन्द्रबिन्दु मानिएको छ । यसको अतिरिक्त यस क्षेत्रलाई नै छनौट गर्नुको अर्को कारण शोधकर्ताको गृह जिल्ला भएकोले आवश्यक तथ्याङ्क संकलन गर्न सहज भएकोले गर्दा पनि हो ।

### ३.२ अनुसन्धान ढाँचा

यस शोधपत्रको लागि वर्णनात्मक (Descriptive) र अन्वेषणात्मक (Exploratory) दुवै अध्ययन विधीको प्रयोग गरिएको छ । वर्णनात्मक अनुसन्धान भनेको अनुसन्धान गरिएको अध्ययनको विषयलाई विस्तार पूर्वक वर्णन गर्नु हो । समस्यालाई लिएर वास्तविक तथ्यमा आधारित भई वर्णनात्मक विवरण प्रस्तुत गर्नु यसको मुख्य लक्ष्य हो । यसमा वर्णनात्मक विधिलाई आधार मानी लिम्बुहरुको प्रचलित लोक नाच च्याब्रुङका प्रकारहरुका बारेमा व्याख्या गरिएको छ । कुनैपनि अपरिचित समस्याका बारेमा खोज अनुसन्धान गर्नका लागि बनाईएको योजनालाई अन्वेषणात्मक

अनुसन्धान ढाँचा भनिन्छ । यस विधिबाट च्याब्रुङ नाचमा महिलाहरुको उपस्थिती तथा भूमिकाको बारेमा पत्ता नलागेका वा खोज अनुसन्धान नभइसकेका तथ्यहरुको अनुसन्धान गर्ने तथा पत्ता लगाउने प्रयास गरिएको छ ।

## ३.३ अध्ययनको समग्रता र नमुना छनौट विधि

नेपालको पुर्वी क्षेत्रको धनकुटा जिल्ला लिम्बुहरुको प्रमुख बसोवास स्थलहरु मध्ये एउटा हो । बिशेष गरी धनकुटा जिल्लाको चौबिस थुम लाई अध्ययनको क्षेत्र बनाईएको छ । चौबिस थुममा जम्मा १४ ओटा गा.वि.स. रहेका छन्  । यि सबै घर परिवारहरुको तथ्याङ्क संकलन गरि विश्लेषण गर्न छोटो समयमा असम्भव हुने भएकोले गा.वि.स.का २ जना जानकार व्यक्तिलाई छनौट गरेर तथ्याङक संकलन गरिएको छ । १४ ओटा गा.वि.स.का जम्मा २८ जना व्यक्तिहरुलाई उत्तरदाताका रुपमा लिइएको छ । यसमा प्राय गा.वि.स. हरु आफ्नो गाउबाट एकै दिनमा आवतजावत गर्न सकिने भएकाले गाउँमै गएर कुरा गरिएको थियो भने केहि गा.वि.स.हरुमा लिम्बुहरु बसोवास नगर्ने र जान असम्भव गा.वि.स.हरुका लिम्बुहरुलाई भने सुनसरीको धरानमा भेटेर मौखिक अर्न्तवार्ता लिइएको थियो । धनकुटा जिल्लाका प्राय लिम्बुहरु र अन्य जिल्लाका लिम्बुहरुको पनि बसाई सरेर जाने मूख्य थलो सुनसरी नै रहेको छ । अन्य ठाउँमा जस्तै धेरै जातिय विविधता भएको चौबिस थुमका लिम्बु समूदायलाई मात्र अध्ययनमा समेटेर च्याब्रुङ को बारेमा अध्ययन गरिएको छ । अन्तरवर्ताको लागि घरमूलीलाई लिइएको छ र यदि घरमूली नभेटिएको अवस्थामा सो घरपरिवारका जानकार सदस्यबाट लिइएको छ ।

## ३.४ तथ्याङ्कका प्रकृति र स्रोतहरु

यस अध्ययनमा प्राथमिक र द्धितीय स्रोतहरुको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तरवार्ता, अवलोकन, प्रश्नावली, प्रत्यक्ष भेटघाट, कुराकानी, आदिबाट अध्ययनको लागि चाहिने आवश्यक तथ्याङ्क संकलन गरिएको छ । द्धितीय स्रोत अन्तर्गत केन्द्रिय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्क, जिल्ला विकास समितिबाट प्राप्त अभिलेख, गा.वि.स. बाट प्राप्त अभिलेख, पत्रपत्रिका, लेख, रचना, पुस्तक, प्रतिवेदन, शोधपत्र, सम्बन्धित चलचित्र, वृत्तचित्र, शैक्षिक तथ्याङ्कका फाइलहरु आदिलाई लिइएको छ ।

### ३.४.१. अन्तरवार्ता

तथ्याङ्क संकलनका लागि प्रभावकारी र कुशल विधिको रुपमा अन्तरवार्ता विधिलाई लिइन्छ। उत्तरदाता अनुसन्धानकर्ता बीच प्रत्यक्ष अन्तरक्रियाबाट सूचना संकलन गर्ने अनुसन्धान विधि नै अन्तरवार्ता हो । अन्तरवार्ता विधिको माध्यमबाट छनोटमा परेका घरपरिवारका घरमूलीलाई नै र यदि घरमूली उक्त समयमा नभेटिएमा घरपरिवारका अन्य जानकार सदस्यसँग अन्तरवार्ता गरि च्याब्रुङ लगायत यसमा महिलाको सहभागिता बारेमा पनि जानकारी लिइएको छ । अर्न्तवार्तामा सोधिएका प्रश्नहरु  संरचित ढाचाँमा निमार्ण गरेर सोधिएको छ । उक्त अर्न्तरवार्तामा लिम्बु समूदायको सामाजिक, सांस्कृतिक, राजनैतिक, परम्परागत संस्कारका बारेमा, साथै लैङ्गिक अवस्थाका बारेमा पनि तथ्याङ्क संकलन गरिएको छ।

### ३.४.२ प्रश्नावली

अनुसन्धान प्रक्रियामा तयार पारिएका विभिन्न प्रकारका सूचिवद्ध प्रश्नहरुलाई उत्तरदाता समक्ष पुऱ्याई आवश्यक सूचनाको संकलन गरिने विधि नै प्रश्नावली हो । यस विधिद्वारा चौबिसे गाउँमा बसोबास गर्ने लिम्बु जातिको च्याब्रुङ नाचका क्रममा गरिने विधि, प्रक्रिया, हाउभाउ, प्रचलन र परिवर्तन समाजमा यसले पारेको प्रभाव सम्बन्धि सूचिबद्ध प्रश्नहरु बनाई नमूना छनोटमा परेका घरपरिवारका घरमूलीबाट तथ्याङ्क वा सूचना संकलन गरिएको छ।

अन्तरवार्तामा व्यक्ति-व्यक्ति वीचमा आमने सामने बसेर पहिले नै निर्मित प्रश्नको माध्यमबाट र कुराकानीकै क्रममा आफै प्रश्न वनाएर पनि गरिन्छ, यसमा सत्यतथ्य तथ्यांक आउने धेरै सम्भावना हुन्छ । भने प्रश्नावलीमा पहिले नै विषयसँग सम्वन्धित प्रश्नहरुको सुची तयार गरेर उत्तरदाता आफैंले उत्तर लेखेर वा सोधेर पनि तथ्याङ्क संकलन गर्ने गरिन्छ । लिम्बूहरुको च्याब्रूङ नाचको प्रकारहरुका वारेमा तथ्याङ्क संकलन गर्ने क्रममा शुरुमा विषयसँग सम्बन्धित प्रश्नावलीको निर्माण गरेर मौखिक अन्तरवार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ।

### ३.४.३ अवलोकन

अवलोकन विधि गुणात्मक तथ्यांक संकलनका लागि महत्वपूर्ण विधि मानिन्छ । विभिन्न प्रकारको तथ्यहरुको सत्य र भरपर्दो जानकारी पाउन ती तथ्यहरु र तिनीहरुको सम्बन्धको बारेमा

सहि ढंगमा हेर्न र अनुभूति गर्नुलाई अवलोकन भनिन्छ । अवलोकन विधिबाट लिम्बुहरुको च्याब्रुङ नाचमा प्रत्यक्ष सहभागी भई नाच्ने प्रक्रिया, विधि, चालचलन, रीतिरिवाज, हाउभाउ, व्यवहार, आचरण, आदि के-कस्ता रहेछन् भन्ने कुराहरूको अध्ययन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५. द्बितीय स्रोतहरु

यस शोधपत्रको अध्ययन गर्दा प्राथमिक स्रोतका साथै द्बितीय स्रोतबाट पनि तथ्याङ्क संकलन गरिएको छ । लिम्बु जातीका परम्परागत बाजा तथा अन्य जातका बाजाहरु सँग सम्बन्धीत स्वदेशी तथा विदेशी लेखकले लेखेका पुस्तक, रचना, लेख, चलचित्र, बृत्तचित्र, पत्रपत्रिका, शोधपत्र, प्रतिवेदन, केन्द्रिय तथ्याङ्क विभागको तथ्याङ्क, जिल्ला विकास समिती र गा.वि.स. बाट प्राप्त तथ्याङ्क आदिलाई द्बितीय स्रोतका रुपमा लिइएको छ ।

### ३.६ तथ्याङ्क बिश्लेषण एवं प्रस्तुतीकरण

तथ्याङ्क बिश्लेषण एउटा त्यस्तो विधि हो जसमा संकलित सुचनाहरुलाई व्यवस्थित तथा श्रेणीबद्ध गरी विभिन्न चल (variables) हरुको बीचमा सम्बन्ध स्थापित गर्ने काम गरिन्छ । माथिका विधिबाट प्राप्त तथ्याङ्कलाई तथ्याङ्कको प्रकृति र अध्ययनको उद्देश्यको आधारमा गुणात्मक प्रकृतिको सूचनाहरुलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक बोधगम्य बनाउन त्यसलाई विश्लेषण र विस्तार गरिएको छ । परिणात्मक प्रकृतिको तथ्याङ्कहरुलाई आवश्यकता अनुसार तालिका बनाई सूचनाहरुलाई साङ्ख्यिक विधिको प्रयोग गरी तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ ।

### ३.७. अध्ययनको सीमा

अनुसन्धान कार्य एउटा जटिल र चुनौतिपूर्ण कार्य हो । कुनै पनि समाजको विभिन्न पक्षमा वृहतरुपमा अध्ययन अनुसन्धान गर्दा लामो समयको साथै बढी मात्रामा स्रोत साधनको आवश्कता पर्ने हुन्छ । हरेक पक्षलाई दृष्टिगत गर्दा प्रत्येक अनुसन्धानको अध्यायलाई सीमाबद्ध गर्नु पर्ने हुन्छ । यो अध्ययन अनुसन्धान खासगरी मानविकी संकायको समाजशास्त्र/मानवशास्त्र विभागको

स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्ने उदेश्यले लेख्न थालिएको हुनाले निश्चत समय अवधिमा पुरा गर्नु पर्ने भएकोले समय, स्रोत, साधन र जनशक्तिको आवश्यकतालाई मध्यनजर राख्दै यस अध्ययनलाई निम्न सीमाहरुमा सिमित गरिएको छ ।

१) यस अध्ययनमा जिल्ला धनकुटा जिल्लाको चौबिसे गाउँको लिम्बु जातिहरुको मात्र अध्ययन गरिएको छ ।

२) यस अनुसन्धानले धनकुटाको चौबिस थुमको लिम्बुहरुको बाहेक नेपालको अन्य क्षेत्रमा बसोबास गर्ने लिम्बु जातिको प्रतिनिधित्व नगर्न सक्छ ।

३) यस अध्ययनमा लिम्बु जातीको च्याब्रुङ नाचको प्रकारहरुको साथै यस नाचमा महिलाहरुको भूमिकाको अध्ययन गरिएको छ ।

४) यो अध्ययन समाजशास्त्र स्नोतकोत्तर तहको आंशिक परिपूर्ति गर्न तयार गरिएको छ ।

## अध्याय-४

## अध्ययन क्षेत्रको अवस्थिति

### ४.१. धनकुटा जिल्लाको भौगोलिक स्थिति

२०१९ सालमा नेपाल अधिराज्यलाई १४ अञ्चल, ७५ जिल्लामा विभाजन गरिए पछि छथर पश्चिम धनकुटा, खाल्सा, मिक्लुङ पहाड, चौबिसे र झलहरा गरी छ थुमहरु गाभेर धनकुटा जिल्ला बनाइयो (धनकुटा पार्श्वचित्र) । नेपालको दक्षिण पूर्वमा अवस्थित धनकुटा एउटा पहाडि जिल्ला हो । यहाँको जम्मा जनसंख्या १,६८८३२ रहेको छ । यसलाई पूर्वाञ्चलकै सदरमुकाम पनि भनिन्छ । यहाँ व्राम्हण, क्षेत्री, लिम्बु, राई, गुरुङ्ग, मगर, याख्खा, नेवार, माझी, कामी, दमाई, आठपहरियाहरु बसोवास गर्दछन् भने मूख्य रुपमा हिन्दु, बौद्ध र किरात धर्म मान्ने मानिसहरु बसोबास गर्दछन् ।

वर्तमान नेपालको पूर्वाञ्चल विकाश क्षेत्रको कोशी अञ्चलको मध्य भागमा एक पहाडी जिल्लाको रुपमा धनकुटा रहेको छ । धनकुटा जिल्लाको कुल क्षेत्रफल ८९१ वर्ग कि.मी. वा ८९,१०० हेक्टर रहेको छ । ३५ ओटा गा.वि.स. रहेको धनकुटा जिल्लाको सिमानाले आठ ओटा जिल्लालाई छोएको छ, जसमा उत्तरमा संखुवासभा, दक्षिणमा सुनसरी, मोरङ्ग, पूर्वमा तेह्रथुम, पाँचथर, इलाम, र पश्चिममा भोजपूर जिल्लाले छोएको छ ।

### ४.२ चौबिस थुमको परिचय

धनकुटा जिल्लाका जम्मा ३५ ओटा गा.वि.स. हरु मध्ये १४ ओटा गा.वि.स. चौबिस थुम भित्र पर्दछन् । चौबिस थुम भित्र डाडाँबजार, भेडेटार, कुरुलेतेनुपा, राजारानी, खुवाफोक, फाक्सिब, बुढिमोरङ्ग, मौनाबुधुक, बोधे, बसन्तटार, आहाले, मुढेबास, बुधवारे, महाभारत पर्दछ । यसको सिमाना उत्तरमा नयाँखोला, दक्षिणमा महाभारत, पूर्वमा इलाम र पाँचथर र पश्चिममा तम्मर नदि सँग जोडिएको छ । चौबिसको कुल जनसंख्या ४०,४२१ रहेको छ । यहाँ लिम्बु बाहेक अन्य जातजातिको पनि बसोवास रहेको छ । यहाँको हावा पानी उचाई अनुसार चिसो तातो रहेको छ । लिम्बुहरुमा प्रचलित र पहिचानमूलक शव्द नै 'दश लिम्बु सत्र थुम' हो । यसकै रित अनुरुप नै उनीहरुले आफ्नो जीवन संचालन गरेका हुन्छन् । यहि लिम्बुहरुको बसोवास रहेको र इतिहास बोकेको सत्र थुम मध्ये एउटा थुम चौबिस थुम हो ।

## ४.३ धनकुटा जिल्लाको सामाजिक र सास्कृतिक स्थिति

धनकुटा जिल्ला लिम्बुवानको नौ जिल्ला मध्ये एक हो । यहाँ विशेष गरेर लिम्बु, राई, मगर, बाहुन, क्षेत्री, तामाङ्ग, याख्खा, देवान, नेवार बसोवास गर्दछन् । यहाँ किरात, हिन्दू, बौद्ध, क्रिस्चियन धर्म मान्ने मानिसहरु रहेका छन् । माओवादी ससस्त्र युद्धको समयबाट नै आन्तरिक बसाई-सराईमा बृद्धि भएको छ । यसमा पनि बढि मात्रामा वाहुन क्षेत्रीहरु पर्दछन् । बसाई सर्नुको प्रमुख कारणमा विकाशका पूर्वाधारहरुको पहुँच कम हुनु हो । यहाँका अधिकांश गा.वि.स.हरु विकाशोन्मुख अवस्थामा छन् ।

कुनै पनि जातीको पहिचानमा संस्कृतिको विशेष भूमिका रहन्छ । नेपालमा रहेका हरेक जातीको आफ्नो छुट्टै संस्कृती रहेको छ । यस्ता संस्कृतिले नै मानिसलाई  सामाजिकीकरण हुन सहयोग गर्दछ । र समाजमा सबै सँग मिलीजुली बस्न, सरसहयोग गर्न सिकाउदछ ।

## ४.४ धनकुटा जिल्लाको आर्थिक स्थिति

व्यक्तिको जीवनमा नभई नहुने कुरा अर्थ हो, यसको अभावमा मानिसको जीवन कठिन हुन्छ र उनीहरुले विभिन्न चुनौतीको सामना गर्नु पर्ने हुन्छ । धनकुटा जिल्लाको आम्दानीको मूख्य स्रोत नै कृषि हो । उनीहरुको परम्परागत खेति नै कृषि हो । धनकुटा जिल्ला सुन्तलाका लागि प्रख्यात ठाउँ हो , सुन्तला फल्ने अनुकुल हावापानी भएकोले यहाँको आय आर्जनको मूख्य स्रोत सुन्तला पनि हो । साथै यस जिल्लामा धान, मकै, कोदो प्रमुख रुपमा लगाईन्छ । धनकुटाको आयआर्जनको अन्य स्रोतहरु पनि रहेका छन् जसलाई तालिकामा तल दिइएको छ :

तालिका नं. १ : कुल आम्दानी सम्बन्धि विवरण

| आम्दानीको क्षेत्र | जम्मा आम्दानी रकम रु.हजारमा | प्रतिशत |
|---|---|---|
| कृषि उत्पादनबाट भएको आम्दानी | १९७७७६ | १२.०० |
| पशुजन्य उत्पादनबाट भएको आम्दानी | १६४४६२ | ९.९८ |
| नोकरी बाट भएको आम्दानी | २५१५९८ | १५.२७ |
| ज्यालाबाट भएको आम्दानी | १३४२२८ | ८.१५ |
| बैदेशिक रोजगारबाट भएको आम्दानी | ६१९१४१ | ३७.५८ |
| व्यापार व्यवसायबाट भएको आम्दानी | १११९०३ | ६.७९ |
| लगानीबाट भएको आम्दानी | २९२९९ | १.७८ |
| अन्य स्रोत बाट भएको आम्दानी | १३९२६५ | ८.४५ |
| **जम्मा आम्दानी** | १६४७६७२ | १००.०० |

स्रोत : जिल्ला पार्श्वचित्र धनकुटा(२०६६)

धनकुटा जिल्लाका आम्दानीका स्रोतहरु मध्ये सबै भन्दा बढि आम्दानी वैदेशिक रोजगारीबाट ३७.५८ प्रतिशत रहेको छ । भने दोस्रोमा रोजगारीबाट १५.२६ रहेको छ (तालिका नं. १) । त्यसैगरि तेस्रोमा कृषि उत्पादनबाट १२ प्रतिशत रहेको छ । नेपालको अर्थतन्त्र कृषिमा निर्भर रहेको अवस्थामा धनकुटा जिल्लाको आर्थिक स्रोत भने सर्बप्रथम बैदेशिक रोजगारबाट प्राप्त रकमबाट, दोस्रोमा जागिरबाट र तेस्रोमा मात्र कृषिमा निर्भर रहेछ । त्यसैगरि पशुजन्य उत्पादनबाट ९.२८%, ज्यालाबाट ८.१५%, व्यापार व्यवसायबाट ६.७९%, र लगानी र अन्य क्षेत्रबाट क्रमशः १.७८%, ८.४५% रहेको छ (तालिका नं. १) । अहिलेको अवस्थामा धनकुटाको मात्र नभएर नेपाल अधिराज्य भरिको मूख्य आम्दानीको स्रोत बैदेशिक रोजगारी नै रहेको छ ।

## अध्याय-५

## धनकुटा चौबिस थुममा प्रचलित च्याब्रुङ नाचका प्रकारहरु र च्याब्रुङका उत्पत्तिका कथाहरु

### ५.१ लिम्बु जातिको परिचय

नेपाल एक बहुजातिय, बहुभाषिक तथा बहुसांस्कृतिक मुलुक हो । नेपालमा विभिन्न जातजाति, भाषा भाषीको बसोबास रहेको पाइन्छ । यसरी हेर्दा लिम्बु जाति पनि नेपालमा आदिकालदेखि नै रैथाने रुपमा बसोबास गर्दै आएको जाति हो । जसको आफ्नै छुट्टै जाति, भाषा, संस्कृति तथा संस्कार र अलिखित इतिहास पनि रहेको छ । लिम्बु भाषिक समुदायको मूल बसोबास पूर्वी पहाडी जिल्लाहरुमा रहेको छ । लिम्बुलाई व्यापक अर्थमा किराती भनिन्छ । किराती शब्द 'किरियात' वा 'किर्जथ' शब्दको अपभ्रंस रुप हो । विजयपुर राज्यमा राय सेनहरुको शासन रहुन्जेल लिम्बुहरुलाई 'राय' भनिन्थ्यो । लिम्बूवान गोरखा राज्यमा गाभिए पछि पनि पछि सम्म राय नै भन्ने चलन रहेको थियो । जब किपट प्रथा लागु भएपछि विस्तारै पदवीको रुपमा लिम्बुहरुले 'सुब्बा' लेख्न थाले । त्यसपछि राई र सुब्बामा फरक देखिन थाल्यो । किनकी 'सुब्बा' लिम्बुहरुले पाउने पद थियो ( तुम्बाहाङ, २०६८) । लिम्बू भाषामा 'लि' को अर्थ 'धनु' र 'आम्बू' को अर्थ 'धारी' धनुधारी-धनु धारण गरेर हिड्नेलाई लिम्बु भनिन्छ (सेनेहाङ, २०६७) ।

लिम्बुहरुले आपसमा कुरा गर्दा आफूलाई 'याक्थुङ' भन्छन् । उनीहरु लिम्बू पुरुषलाई 'याक्थुङबा' र लिम्बु महिलालाई 'याक्थुङमा' भन्दछन् । अरु जातजातिले भने 'लिम्बु' भनेर नै चिन्दछन् र उनीहरुले पनि गैर लिम्बुहरुसँग आफूलाई लिम्बु भनेर नै परिचित गराउँदछ (तुम्बाहाङ, २०६८) । लिम्बु जातिको परिचय भनेकै पूर्वजहरुले सिर्जना गरेका प्रथा, परम्परा, रितिरीवाज तथा सांस्कृतिक चालचलनहरुको एकिकृत दस्तावेज 'मुन्धुम' हो । मुन्धुम नै लिम्बुहरुको मौलिक पहिचान हो । लिम्बुहरु जहाँसुकै रहे पनि जन्म, विवाह, मृत्यु लगायतका सामाजिक, धार्मिक तथा सांस्कृतिक संस्कारहरु अलिखित वेद मुन्धुमबाट सञ्चालन गर्ने सांस्कृतिक एकता लिम्बु जातिको विशेषता हो । लिम्बुहरुको धार्मिक तथा सांस्कृतिक परम्परा एवं रितिरीवाजहरु मुन्धुमको रुपमा धर्ती संगै उत्पति भएको मान्यतालाई यस जातिले स्वीकार्दछ । लिम्बुहरुको साझा पहिचान नै पृथक भाषा, धर्म, संस्कृति, परम्परा तथा सामाजिक संरचनाहरु हुन् । लिम्बु जातिहरुको आगो, पानी, भूमि तथा कूल पितृहरु इष्टदेव हुन् । लिम्बु जाति भित्र विभिन्न थरहरु (गोत्र) रहेका हुन्छन् । यि जातिले थर मार्फत नै विवाह सम्बन्धमा हाडनाता लाग्ने र नलाग्ने कुरा छुट्याउने देखि लिएर विभिन्न वंशावलीहरु

निर्माण कार्य पनि गर्ने गर्दछन् । सेनेहाङ (२०६७) ले प्रचलनमा रहेका लिम्बु जातिका २२५ थरहरु उल्लेख गरेका छन् ।

२०६८ सालको राष्ट्रिय जनगणना अनुसार लिम्बु मातृभाषिहरुको कूल जनसंख्या ३४३५०४ रहेको छ । जसमा पुरुषको संख्या १६०२३० (४६.६४ प्रतिशत) र महिलाको संख्या १८३३७३ (५३.३६ प्रतिशत) रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) । विकास क्षेत्र अनुसार अधिकांश लिम्बु मातृभाषिहरु पूर्वाञ्चलमा (९६.७५ प्रतिशत) त्यस पछि क्रमश : मध्यमाञ्चलमा (३० प्रंतिशत), ( ०.१५ प्रतिशत), मध्य-पश्चिमाञ्चलमा (०.०५ प्रतिशत) र सुदुरपश्चिमाञ्चलमा (०.०४ प्रतिशत) छन् (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) ।

## ५.२ च्याब्रुङ नाचको उत्पत्ति सम्बन्धि विभिन्न तथ्यहरु

जनजातीहरुको विशेषता भनेको नै प्रत्येकको आ-आफ्नो लिखित वा अलिखित इतिहास हुनु हो । यस्ता इतिहासहरु उनीहरुको उत्पत्ती, संस्कृती संस्कार सँग जोडिएको हुन्छ । यसरी नै लिम्बूहरुको पनि सांस्कृतीक बाजा च्याब्रङको उत्पत्तिका पनि विभिन्न किम्बदन्तीहरु रहेका छन्, जुन निम्न अनुसार छन् :

### ५.२.१ केसामी र नाम्सामीको कथा

मुन्धुम अनुसार एउटा आमाको दुई जना छोरा एउटा बाघ(केसामी) र अर्को मानव( नाम्सामी) हुन्छ । दुबैजना सिकार खेल्न सँधै सँगै जान्छन्, एकदिन केसामीले नाम्सामीलाई भन्यो- आमालाई सिकार नलगी आफै खाउँ भने तर नाम्सामी लाई आमाको माया लागि नङमा लुकाएर मासु लगिदियो यो कुरा केसामीले थाहा पाई भाइसँग रिसाइ उनीहरु बीच बैमन्यस्यता बढ्छ ( सुब्बा, २०७३:९५) । यसरी दाजु बाघले जहिले मानव भाईलाई खान्छु भने पछि दुवै जना सिमलको रुखमा युद्ध गर्छन् । यसरी नौ तलाको सिमलको रुखमा मानव भाई माथी धनुबाण लिएर बसेको हुन्छ र दाजु बाघ भुइमा हुन्छ । केसामी रिसले नाम्सामीलाई मार्न रुखमा चढ्छ नाम्सामीले बाणले हान्छ तर लाग्दैन, यसरी आठौं तला सम्म पुग्दा पनि लाग्दैन । नवौ तलामा पुग्दा नाम्सामीले दाई म हारे तपाई मुख आँ गर्नु म आफै हामफाल्छु भन्छ, केसामी मान्छ र त्यसै गर्छ, तर नाम्सामीले जाल गरेर उफ्रिनुको सट्टा लुकाएर राखेको वाणले केसामीलाई हान्छ र रुखबाट लडेर मर्छ । त्यसपछि छाला काढेर तराई, पहाड, हिमालमा डुलाउँछ तर पनि सुक्दैन । तर पछि पाँचथरको

आङसाङ गाउँको देउराली भन्ने ठाउँमा पुऱ्याएर ठूलो चप्लेटी ढुङ्गामा सुकाएपछि भने एकै दिनमा सुक्छ (श्रेष्ठ, २०६९) । यसरी भोटमा गई सो छाला नुन सँग साटी ल्याएर आमालाई दिदा आफ्नो छोराको छालाले साटेको कसरी खानु भनी मान्नु हुन्न(यहि समय बाट नै लिम्बू समूदायमा आफन्त मरेमा नुन बार्ने चलन रहेको भन्ने जनश्रुती रहेको छ) । त्यसछि सो छाला पुनः फर्काएर ल्याई हङसिङ(खमारी)को रुखको ढोल बनाई त्यसमा सो छालाले मोहरेर के वा च्याब्रूङ बाजाको निर्माण गर्छ । यसप्रकार च्याब्रुङ बाजा बजाउँदा ह्रुङह्रुङ गर्दै बाघ गर्जेको जस्तै आवाज आउने भएकोले ‘के’ अर्थात् च्याब्रुङ नामाकरण गरिएको हो । लिम्बूहरुको भाषामा के भनेको बाघ हुन्छ यसरी सर्वप्रथम बाघको छाला बाट च्याब्रुङ बनाएकोले यसको नाम पनि ‘के’ रहन गयो । यसप्रकार च्याब्रूङको निर्माणको थालनी भयो ।

यसरी नाम्सामीले छाला फर्काएर ल्याए पछि च्याब्रुङ बनाउँछ । तर सन्तानको शोकमा परे पछि आमा सधैँ दुखी हुने भएकोले नाम्सामी जंगलमा जाँदा विभिन्न चराचुरुङ्गी, जीवजन्तु नाचेको देखि आफ्नो आमाको मन बहलाउनका लागि च्याब्रुङ बजाउँदै सोहि चराचुरुङ्गी, जीवजन्तुको नक्कल गर्दै नाचेर आमालाई खुशी तुल्याएको कथा रहेको छ । यसप्रकार आज पनि च्याब्रुङ नाच्ने विभिन्न तरिकाहरु मध्ये एउटा चराचुरुङ्गी, जीवजन्तुको नक्कल गर्दै नाच्ने गरिन्छ । यसरी च्याब्रूङ नाचको शुरुवात हुन गयो ।

### ५.२.२ पहिलो मानव घर निर्माणको कथा

प्राचीन समयमा मान्छेको घर थिएन । आदिम समयमा सोधुङ्गेन लेप्मुहाङका छोरा वाजाइबाले मानव जातीको पहिलो घर बनाए तर बनाई सकेको केहि दिनमा नै मूल खम्बामा धमिरा किरा लागेर घर भत्कियो । यसरी वाजाईबाले धेरै पटक घर निर्माण गरे, अनेक उपाय गरे ता पनि धुले किरा लागेर बस्न योग्य भएन । यस्तो समस्याबाट कसरी छुटकारा पाउने भनी सल्लाह लिन आफ्नो बुवा सोधुङ्गेन लेप्मुहाङ कहाँ गएर बिन्ती गरे । बुवाले पनि केलाःङवा, फुङ्देन्हाङ्, केवाफुङ्, साम्केलो, केसाङ्मिबा, नाम गरेका फेदाङमाहरुलाई छोराको साथ पठाए । फेदाङमा गुरुहरुले घरमा लागेको धुले किरा अन्य उपायले नाश नहुने त्यसका लागी च्याब्रूङ बजाउँदै थकथाम्मा मुन्धुम गीत गाउँदै तिम्रो घरको मूल खम्बा वरिपरि रातभरी नाच्नु पर्छ अनि मात्र तिम्रो घर ढल्दैन भनी सुझाव दिए ।

यो कुरा सुने पछि वाजाइबाले हाम्रो देशमा च्याब्रूङ छैन कहाँ बाट ल्याउनु भनी सोध्दा लाम्सामी भएको ठाउँमा गएर च्याब्रूङ बनाइ माग भन्ने सल्लाह दिनु भयो । वजाईबाले पनि त्यसै गरे र च्याब्रुङ ल्याए पछि गुरुहरु सहित वाजाइबा पनि रात भरी थकथाम्मा मुन्धुम गाउँदै मूल खम्बा वरिपरि नाचे । त्यसपछि मात्र वाजाईबाको घरको मूल खम्वामा धुलेकिरा लाग्न छाड्यो । यसरी घर नढलोस् भनेर उपाय गर्ने क्रममा नै च्याब्रुङ नाचको शुरुवात भएको भन्ने किम्बदन्ती रहेको छ ।

**५.२.३ माहुरीबाट प्रेरित भएको कथा**

एक जना यात्री यात्रा गर्ने क्रममा घना जंगलको बीचमा पुगेपछि रात पर्छ र त्यहि जंगलमा एउटा रुखको फेदमा रात बिताउँछ । बिहान उज्यालो भए पछि अचानक अनौठो आवाज आफू छेउको रुख बाट आएको सुन्छ र हेर्दा माहुरीहरु भुनभुनाएको खोक्रो रुखमा ठोक्किएर अनौठो आवाज आएको थाहा पाउँछ । त्यसपछि उसलाई अचानक नयाँ सोच आउँछ कि त्यो खोक्रो रुखको मुढा काटेर पातलो बनाई दुई पट्टि किनारमा जनावरको छाला लगाई बजाउँदा आवाजको उत्पत्ती हुने रहेछ । त्यस पछि घर गई धेरै पटकको प्रयास र मिहेनत पछि काठको ड्रम बनाउन सफल हुन्छ । दाहिने पट्टि हातले बजाउँदा चर्को आवाज आउँछ भने देब्रे पट्टि सानो लट्ठीले हिर्काउँदा मधुरो आवाज आउँछ । यस प्रकार उसले आफ्नो मान्छेहरुका लागि काठको ड्रम बनाउँछ । ड्रम बनाउने र बजाउने पहिलो व्यक्ति उनी नै भएकोले केदाम्बा भनियो । यसको अर्थ के-काठको ड्रम र तेम्मा-पक्रिनु अर्थात् केदाम्बा भन्नाले काठको ड्रम बोक्ने व्यक्ति भन्ने हुन्छ । पछि मानिसहरुले उनको सम्झनामा आफ्नो परिवारको थर नै केदाम्बा राखे । शरुशुरुमा मानिसहरुले परेवा, मयुर, टर्की, नाचेको देखेर त्यसको नक्कल गर्दै च्याब्रुङ नाच नाच्न थाले । यसरी च्याब्रुङ नाच्दा विभिन्न पशुपंक्षी र जीवजन्तुको नक्कल गर्दै नाच्ने भएकाले आज पनि च्याब्रुङ नाच्ने हजारौ तरिकाहरु छन् ।

च्याब्रुङ तथा च्याब्रुङ नाचको उत्पत्तीका बारेमा कुनै एउटा मात्र नभएर यस्ता बिभिन्न प्रकारको किम्बदन्तीहरु रहेका छन् जसले गर्दा च्याब्रुङ उत्पत्तीको कथा यो नै हो भनेर भन्न कठिन रहेको छ । केसामी र नाम्सामीको कथा अनुसार सर्वप्रथम बाघको छाला बाट बनाइएको र बजाउँदा पनि बाघ गर्जेको जस्तै ह्रुङह्रुङ आवाज आउनाले यसको नाम याक्थुम्बा भाषामा के अर्थात् च्याब्रुङ हुन गयो, यो त भयो नामाकरणको कुरा तर मानवले दुई दाजु भाई जनावर र मानव जन्माएको कुरा अलि काल्पनिक लाग्छ । आफ्नो सन्तानको बियोगमा परेपछि नाम्सामी(मानव) छोराले जीवजन्तु, पशुपंक्षी नाचेको नक्कल गदै दाजुको छालाबाट बनाएको च्याब्रुङ बजाउँदै आमाको मन बहलाएको

कुरा उल्लेख छ । केहि मात्रामा भए पनि यो कुरा विश्वास गर्न लायक छ किनकी आज पनि जीवजन्तु र पशुपंक्षीको नक्कल गदै नाच्ने चलन यथावत नै रहेको छ । त्यसै गरी थकथाम्मा( धुलेकिरा) झार्ने नाचको कथा अनुसार च्याब्रुङको पहिले नै निर्माण भइसकेको र च्याब्रुङ नाचको शुरुवात भने यहि समय देखि भएको भन्ने किम्बदन्ती रहेको छ । यी दुई ओटा कथाहरुको तुलनामा यात्रीको कथा भने तर्कसंगत र विश्वसनीय छ किनकी यस कथा अनुसार खोक्रो रुखमा कुनै आवाज ठोक्किएर नयाँ आवाज उत्पन्न भएको छ र त्यहि अनुरुप यात्रीले पनि घर गएर रुखलाई खोक्रो बनाई त्यसमा जनावरको छाला लगाई च्याब्रुङको निर्माण गर्दछ ।

### ५.२.४. च्याब्रुङको सामान्य परिचय र यस नाचको प्रस्तुतीकरण

लिम्बुहरुको मौलिक सांस्कृतिक च्याब्रुङ नाच समूहमा नाचिने गरिन्छ, त्यो समूह ठूलो वा सानो हुने गर्दछ । च्याब्रुङ लिम्बुको सांस्कृतिक बाजाहरु मध्ये आकार र बनावटमा ठूलो बाजा हो । भने ठाउँ अनुसार यसको रुप, बनावट र आकारमा सानो वा ठूलो हुने गर्दछ र बनाउने विधिमा पनि सामान्य भिन्नता पाइन्छ । सानो च्याब्रुङको उचाई ३३ इन्च र व्यास १९ इन्च सम्मको पाइन्छ । परम्परागत रुपमा हङ्गसिङ्ग(खमारी) को रुखबाट च्याब्रुङ बनाइने भएता पनि स्थान अनुकुल पाइने जुन रुख उपयुक्त हुन्छ त्यसैको बनाइने गरिन्छ । च्याब्रुङ बनाउदा सिंगो रुखलाई टुना काटेर वारपार छेडेर बीचको भाग खोपेर पातलो बनाइन्छ जसले गर्दा यसलाई सजिलै बोकेर बजाउँदै नाच्न सकिन्छ । त्यसैगरि मरेका बाखा र गोरुको छालालाई सुकाएर च्याब्रुङमा लगाइन्छ ।

लिम्बुहरुका लागि च्याब्रुङ नाच मनोरञ्जन लिने र आफ्नो दुःख भूल्ने एउटा माध्यम हो । लिम्बुहरुको मंगल कार्यमा मात्र नाचिने च्याब्रुङ नाच कुनै-कुनै कार्यमा अनिवार्य पनि हुने गर्दछ । च्याब्रुङ नाचमा आफ्नो परम्परागत पोशाक तथा गरगहना लागाएर महिला, पुरुष, बुढापाका, केटाकेटी सबै जना एकै घेरा बनाएर नाच्ने गर्दछन् । यो सामूहिक नाच हो । यो नाच ढिलो छिटो दुवै तरिकाले नाच्ने गरिन्छ । पहिले-पहिले यो नाच नाच्दा महिलाहरुले गीत गाउँदै नाच्दथे तर आजकल भने गीत गाउँदै नाच्न छोडिसकेका छन् केवल छुइया……हा भन्दै नाच्ने गर्दछन् । लिम्बु संस्कृतीका विशेषज्ञ येहाङ लावतीलाई च्याब्रुङ नाचमा महिलाको भुमिका कस्तो हुन्छ भनी गरिएको प्रश्नमा भन्नु हुन्छ कि “महिलाहरुले च्याब्रुङ नाच्दा गीत गाउनुमा मूख्य भुमिका हुन्छ र पुरुषहरुले सघाउने मात्र गर्दछन् ।” च्याब्रुङ नाच खुशीयालीमा नाचिने हुनाले नराम्रा ईष्या, आँखिडाही, प्राकृतिक प्रकोप लाई च्याब्रुङको आवाजले भगाउने, खुट्टाले टेक्ने, र हातले छेक्ने भन्ने मान्यता

रहेको छ । त्यसैले च्याब्रुङ नाच जिउदो संस्कृतीको ढुकढुकी हो । यो नाच पुस्ता हस्तान्तरण बाट नै नाचिदै आइएको र हाल सम्म पनि जिवित रहेको छ (खजुम,२०७१) ।

यो नाच नेपालको पूर्वी पहाडको नौ जिल्ला, भारतको सिक्किम, दार्जिलिङ्ग, साथै विश्वभरिका जुनजुन राष्ट्रमा लिम्बूहरु बसोवास गरेका छन् जस्तै बेलायत अमेरिका, ब्रुनाई आदिमा पनि चाडपर्वमा जम्मा भएर नाच्ने गर्दछन् । किरात राई समूदायमा जस्तो बर्षमा दुईपटक मात्र साकेला नाच्ने नभई बर्षै भरि विभिन्न अवसरमा च्याब्रुङ नाच नाच्ने गरिन्छ । नेपाल अधिराज्यल भरिका लिम्बुहरुका च्याब्रुङ नाच्ने तरिका र प्रकार ७०% उस्तै भएता पनि ३०% भने भिन्नता पाइन्छ ।

डि.बि.आङबुङले उल्लेख गर्नु भए अनुसार गोरखापत्रमा छापिएको हाल सम्म लिम्बु समूदायमा प्रचलित रहेका च्याब्रूङका प्रकारहरु लाई निम्न अनुसार वर्गीकरण गर्नु भएको छ :

१) मेन्छाम याप्मी लाःङ् (मानव नृत्य) : लिम्बु जातीहरुको प्रसिद्द च्याब्रुङ नाच लाई विभिन्न भागमा छुट्याइएको छ जसलाई प्रत्येक समारोह, कार्यक्रममा अनिवार्य रुपमा नाच्ने गरिन्छ । मानब नृत्यलाई पनि विभिन्न प्रकारले नाच्ने गरिन्छ । जस्तै : क)कुसरक्पा लाःङ् (शास्त्रीय नाच) ख) थकथाम्म लाःङ् (घुन झार्ने नाच) ग)मेःक्काम लाःङ् (लगन गर्दा नाचिने नाच) घ)लामे/लामलक्वा लाःङ् (स्वागत नाच) ङ)सिङ्घके लाःङ् च)चारकोवा लाःङ् (चर्को गरी नाचिने नाच) छ)सारदाप्पे लाःङ्  ज)माङ् लाःङ् (देव नाच) आदि ।

२) थाक्सा लाःङ् (जीवजन्तु नाच) : आदिवासी जनजातीहरुको पहिचानको एउटा पाटो नै उनीहरु प्रकृती पुजक हुन् । त्यसमा पनि लिम्बुहरु अझ प्रकृतीका नजिक छन् भन्दा फरक पर्दैन  किनकी उनीहरुले प्रकृतीका पुजा गर्ने मात्र होइन प्राकृतिक जीवजन्तुका चालमा आफ्नो ताल मिलाई नाच्ने समेत गर्दछन् । च्याब्रुङ नाचलाई अझ राम्रो वा आकर्षक बनाउन जीवजन्तुको नक्कल गर्दै नाच्ने गरिन्छ । जस्तै : क)केबा लाःङ् (बाघ नाच) ख)ख्याबा लाःङ् (कुकुर नाच) ग)अन् लाःङ् (घोडा नाच) घ)माक्यु लाःङ् (भालु नच) ङ)अ?ई लाःङ् (दुम्सी नाच) च)केःन्दा लाःङ् (गैंडा नाच) छ)खिरे लाःङ् ( मृग नाच) ज)फःत्ता लाःङ् (खरायो नाच)  झ)भेल्लुक् लाःङ् भेडा नाच ञ)पित लाःङ् (गाई नाच) ट)साङ्वेत लाःङ् (भैसी नाच) ठ)मेन्दा? लाःङ् (बाखा नाच) ड)तक्मी लाःङ् (हात्ती नाच)  ढ)सबा लाःङ् (बादर नाच) ण)हाःम्बा लाःङ् (सिमसारमा पाउने) आदि ।

३) पुसा लाःङ् (पंक्षी नाच) : यस नाचमा विभिन्न प्रकारका चराचुरुङीहरु नाचेको नक्कल गर्दै नाच्ने गरिन्छ । जस्तै- मयुर नाच मा मयुर नाचे जस्तै च्याब्रुङ र झ्याम्टा बजाउदै निहुरेर घुम्दै नाचिन्छ ।

साथै अन्य पंक्षीको पनि तिनिहरु जसरी नाच्छन् नक्कल गर्दै नाचिन्छ । यी नाचहरु नाच्ने यहि समय हो भन्ने छैन तर नाचलाई नेतृत्व गर्ने व्यक्तिले नाच्दानाच्दै आफै यस नाचको शुरुवात गर्छन् । र अरुले पनि अनुशरण गर्दछन् । यसमा पनि विभिन्न प्रकारका पंक्षीहरुको नाचलाई नक्कल गर्दै नाच्ने गरिन्छ । जस्तै : क)पेरेवा लाःङ् (परेवा नाच) ख)पुत्तुके लाःङ् (ढुकुर नाच) ग)मुरा लाःङ् (मयुर नाच) घ)मूया लाःङ् (चील नाच) ङ)याम्लाक्वा लाःङ् (हलेसो नाच) च)सिजोवा लाःङ् (गौथली नाच) छ)चिल्लीख्याक्मा लाःङ् (फिस्टा नाच) ज)साम्दाङ्वा लाःङ् (डाँफे नाच) झ)सिप्पेथुक्पा लाःङ् ञ)काक्वा लाःङ् (काग नाच) ट)माक्चेरे लाःङ् (भगेरा नाच) ठ)खुक्वा लाःङ् (कोइली नाच) ड)इङ्वा लाःङ (भाले नाच) आदि हुन् ।

४) था?बाःत् लाःङ् (किराफट्याङ्ग्रा नाच) : यस नाच अर्न्तगतको नाभोःन्जि लाःङ् (भुरा माछा नाच) भने लिम्बुहरुले प्राय नाचेको पाईन्छ भने अन्य नाचहरु त्यति नाच्ने गरेको पाइदैन । ति नाचहरु जस्तै : क)चेरेफङ्बा लाःङ् (पुतली नाच) ख)वादोरी लाःङ् (गाईने किरा नाच) ग)ङासा लाःङ् (माछा नाच) घ)नाभोःन्जि लाःङ् (भुरा माछा नाच) ङ)वारुप्प लाःङ् (पाहा नाच) च)खेबक लाःङ् ( गंगटा नाच) हुन् ।

५) काना लाःङ् (सरिस्रिप नाच) : यो अस्सेक लाःङ् (सर्प नाच) लिम्बु हरुले नाच्छन् तर मैले नाचेको हेर्ने अवसर पाएको छैन ।

६) तेन इसिक्पा लाःङ् (ठाउँ अनुसारका नाच) : लिम्बुहरु पूर्वका नौ जिल्ला र भारतको सिक्किम, दार्जिलिङ्ग सम्म छरिएर बसेका छन् । सबै ठाउँमा बसोवास गर्ने लिम्बुहरुले आ-आफ्नो तर्फबाट संस्कृतिक पहिचानलाई जोगाउन प्रयास गरिरहेका छन् । विभिन्न ठाउँमा बस्ने लिम्बुहरुको ठाउँ अनुसारको पृथक नाच रहेको छ तर केहि नाचमा मात्र पृथकता पाईन्छ अन्य सबै नाचहरु उस्तै हुन्छन् । यस नाचलाई ठाउँ अनुरुप नामाकरण पनि गरिएको छ जस्तै : क)फेदाप्पे नाच ख)छथरे नाच ग)पान्थरे नाच घ)चारखल्या नाच ङ)याङरक्य च)ताम्वरखल्या नाच छ)ताम्राङ्गे नाच ज)मेवा खल्या नाच झ)चबिसे नाच य)सुख्खिमे नाच आदि ।

७) ताल अनुसारका नाच : यी नाचहरु भने विभिन्न अवशरमा नाच्ने गरिन्छ । जस्तै : क)लाम्गे लाःङ् (बाटोमा नाचिने नाच) ख)तुङ्दुङ्गे लाःङ् (अनुष्ठान गर्दा बजाइने ताल) ग)यगे लाःङ् ( तङ्सिङ्मा येवाले नाच्ने ) घ)छुक्चाल्की लाःङ् (हातको इसारा दिने नाच) ङ)तामा लाःङ् (आउने संकेत गर्दै नाच्ने नाच) च)सेवाममा लाःङ् (नमस्कार गर्दै नाच्ने नाच) छ)वामिमा लाःङ् (तिर्खाएको संकेत गर्दै नाच्ने नाच) ज)सेत्लाक्मा लाःङ् (भोक लागेको संकेत गर्दै नाच्ने नाच) झ)नाम्धामा लाःङ्

(घाम अस्ताएको संकेत गर्दै नाच्ने नाच) ञ)खाओत्मा लाःङ् (उज्यालो भएको संकेत गर्दै नाच्ने नाच) ट)सेम्मुइ लाःङ् (बिदाई नाच) ।

८) लाङ्चाल्की लाःङ् (खुट्टाको चाल) : यस किसिमको नाचमा भने लिम्बुहरुले आफ्नो दैनिक जीवनमा गर्ने क्रियाकलापहरुलाई झल्काउने किसिमका नाच पर्दछन् । जुन यसप्रकार छन् : क)या?हाक्मा लाःङ् (धान कुटेको नक्कल गर्दै नाच्ने नाच) ख)याक्वालक्मा लाःङ् (बिउ रोपेको नक्कल गर्दै नाच्ने नाच) ग)याक्वातोम्मा लाःङ् (धान ढिकिमा लगाएको नक्कल गर्दै नाच्ने नाच) घ)या?नाम्फेक्मा लाःङ् (धान सुकाएको नक्कल गर्दै नाच्ने नाच) ङ)या?नाम्सुम्मा लाःङ् (धान उठाएको नक्कल गर्दै नाच्ने नाच) च)मेन्नुमेन्दाएप्मा लाःङ् (नराम्रो चीजलाई छेकेको नक्कल गर्दै नाच्ने नाच) ।

शीर्षक-लिम्बु संस्कृतीमा च्याब्रूङ नाच र च्याब्रूङ गीत, गोरखापत्र,२०७२, पेज-११

### ५.३. चौबिस थुममा प्रचलित च्याब्रुङ नाचका प्रकारहरु

धनकुटा जिल्लाको चौबिस थुम भित्रका १४ गा.वि.स.मा गरिएको अध्ययनमा १० जना महिला तथा १८ जना पुरुष गरी जम्मा २८ जनालाई लिएर च्याब्रुङ सम्बन्धि विभिन्न प्रश्नहरु प्रश्नावलीको माध्यमबाट सोधिएको थियो । यसमा २५ देखि ६५ उमेर समूहका व्यक्तिहरु सहभागी थिए । यस मध्ये १६ जना विवाहित थिए भने बाँकी ११ जना अविवाहित थिए । लिम्बुहरुलाई मात्र लिएर गरिएको अध्ययनमा दुई जना महिलाहरु पढ्न लेख्न नजान्ने थिए भने बाँकी सबै कम्तीमा एस.एल.सी. देखि स्नातक तह सम्म अध्ययन गरेको पाईयो यसबाट यो थाहा पाउन सकिन्छ कि पहिलेको तुलनामा लिम्बुहरुको साक्षरता दरमा बृद्धि भएको छ । केटाकेटी देखि बुढाबुढी सबैलाई च्याब्रुङको बारेमा थाहा भएको पाइयो । एउटा गाउँमा मुस्किलले ५-७ ओटा सम्म च्याब्रुङ रहेको पाइयो भने च्याब्रुङ नचाउने उद्देश्यले खोलिएको क्लब तथा संस्था रहेको गा.वि.स.मा भने १० देखि १५ ओटा सम्म च्याब्रुङ रहेको पाइयो । च्याब्रुङ नाच कस्तो-कस्तो अवसरमा नाचिन्छ भनी गरिएको प्रश्नमा प्राय सबैको एउटै उत्तर थियो । जस्तै : विशेष गरी नयाँ बुहारीलाई केटाको घरमा भगाएर ल्याए पछि लगन गर्दा र मागेर ल्याई गरिएको विवाहमा त झन् च्याब्रुङ नभई नहुने रहेछ । त्यसैगरी मृत परिवारका सदस्यको नाममा धर्मशाला, चौतारा बनाई सके पछि र वरपीपलको विवाहमा, कार्यक्रमको उद्घाटनमा, मैतालु पुर्‍याउँदा, (यो लिम्बुहरुको विशेष परम्परा हो जसमा विवाह गरेर गएकी छोरी-चेलीले माइतीका सबै गाउँले दाजुभाईहरु लाई सुगुँरको मासु र रक्सी कोशेली ल्याइदिए पछि जम्मा भएर भोज गरी च्याब्रुङ बजाउदै नाच्छन्, खानपीन गर्छन् । फर्किदा

चेलीलाई माइती पक्षबाट भाडाकुडाँ, लत्ताकपडा, सुनचाँदी दिएर पठाउँछन् । यसरी मैतालु नफर्काइ कुनै चेलीको मृत्यू भयो भने अन्तिम संस्कार माइतीले नै गरिदिनु पर्छ ।) यसै गरी घरमा पूजा गर्दा, लिम्बुहरुको महान चाड चसोक तङनाममा पनि सबै लिम्बुहरु जम्मा भएर पूजा गरी च्याब्रुङ र धान नाच्दै मनाउने रहेछन् ।

लिम्बुहरुको च्याब्रुङ नाच कति प्रकारका हुन्छन् भन्ने प्रश्नमा अनगिन्ति प्रकारको हुन्छ र यति नै हुन्छ भनेर भन्न कठिन हुने भन्ने उत्तर आयो । कसैबाट पनि यति नै हुन्छ भनेर किटान साथ कुनै उत्तर आएन । गाउँ भन्दा पनि व्यक्ति अनुसार फरक-फरक उत्तर आएको थियो । कसैले १० प्रकारको छ भने, भने कसैले २५ देखि १०८ प्रकारको हुन्छ भन्ने उत्तर आयो । वास्तवमा भन्ने हो भने पनि च्याब्रुङ नाच यति नै प्रकारको हुन्छ भनेर प्रामाणिक रुपमा कसैले भन्न सकेका छैनन् यो विषय विवादित नै छ । किरात याक्थुम चुम्लुङका पूर्व अध्यक्ष अर्जुन नुगो लिम्बुज्यू लाई च्याब्रुङका प्रकारका बारेमा सोधिएको प्रश्न अनुसार उहाँको विचारमा तरिका हरु धरै हुन्छ भन्छन् तर व्यवहारमा छैन । कुसरक्पा नाच चाहि च्याब्रुङ नाचको आधारभूत मूख्य नाच हो भने अन्य नाच चाहि नाच्ने शैली मात्र हो । उहाँका अनुसार कुन बेला कस्तो नाच नाच्ने सो कार्यक्रम हेरेर सोहि किसिमको नाचिने रहेछ । बिशेष गरी विवाहमा मानिसलाई मनोरञ्जन गराउनु पर्ने हुनाले र लामो समय सम्म नाच्नु पर्ने भएकोले विबाहमा यो प्रकारको च्याब्रुङ नाच नाचिन्छ भनेर छैन यस समय सबै प्रकारको नाच नाचिन्छ ।

लिम्बुवान अध्ययन केन्द्रका सदस्य डि.बि. आङ्बुङ् ज्यूका अनुसार च्याब्रुङ नाचका प्रकार यति नै किसिमको हुन्छ भनेर कतै लेखेको छैन र भन्दैनन् पनि । च्याब्रुङ नाचको प्रकारको निर्धारण भने गाउँ घरमा हिड्दा डुल्दा, वनमा जादाँ जीवजन्तु, पशुपंक्षी, किराफट्याङ्ग्रा, देखे ति सबैको मध्ये जजस्को नाच अनुशरण र नक्कल गर्न सके त्यति नै च्याब्रुङ नाच बन्न पुग्यो । यस मध्ये मूख्य चाहि शास्त्रीय कुसरक्पा नाच हो । च्याब्रुङ नाचलाई तीन किसिमले छुट्याइन्छ, अवशरको हिसाबले, विवाह र लगनमा मेकाम नाच, घरपैचौमा हिमगे नाच, बाटोमा हिड्दा लामगे नाच भनिन्छ । पशुपंक्षीको नक्कल गर्ने नाच हात्ती नाच, केदा (गैडाँ) नाच आदि । त्यसै गरी चराचुरुङ्गी नाचमा, मूरा(मयुर) नाच, साम्दाङवा(डाफे नाच), चेरेफेक्वा(पुतली) नाच आदि ।

किराती लिम्बुहरु एक प्रकृती पूजक हुन्, त्यसैगरी च्याब्रुङ नाच पनि एउटा प्रकृतिसँग सम्बन्धित नाच हो, किनकी लिम्बुहरुले पशुपंक्षी, जीवजन्तु,हरु हिडेको, नाचेको नक्कल गर्दै च्याब्रुङ नाच नाच्ने गर्दछन् । जस्तै : ढुकुर नाच, परेवा नाच, मयूर नाच, हात्ती नाच आदि । यसरी चराचुरुङ्गी,

जीवजन्तुको नक्कल गर्दै नाच्ने परम्परा कसरी शुरुवात भयो भन्दा केसामी(बाघ) र नाम्सामी(मानव) दाजुभाईको कथामा मानव भाईले दाजु बाघलाई मारेपछि आमा सन्तानको वियोगमा दुःखी भएपछि मानव छोराले आफ्नो दाजु बाघको छालाबाट च्याब्रुङ बनाएर जंगलमा पशुपंक्षी नाचेको नक्कल गर्दै नाच्दै आमाको मन बहलाएको कुरा उल्लेख छ ।

च्याब्रुङ नाचको विशेषता के छ भने यो नाच चेली, माइती, छोराछोरी सबै सँगै मिलेर नाचिन्छ तर धान नाचमा भने आफ्नो साइनो नलाग्ने कुटुम्बहरु सँग मात्र नाच्न मिल्छ । चौबिस भित्र विवाह, कार्यक्रम, पूजा आदिमा विशेष गरी निम्न प्रकारको नाच नाचिने रहेछ :

### ५.३.१ कदमे नाच

यहि नाच बाट नै च्याब्रुङ नाचको शुरुवात गरिन्छ । बिवाहमा च्याब्रुङ नाच्ने समूह जब घर छेउ आइपुग्छन् तव देखि नै नाच्दै आउछन् जसलाई कदमे नाच भनिन्छ । यो नाच लाई पनि एक कदमे, दुई कदमे, तीन कदमे नाच गरी तीन तरिकाले नाच्ने गरिन्छ । यो नाचको विशेषता नै हिड्दै नाच्नु हो । बाटो बाट नै नाच्दै आई घर पुगे पछि गोलो घेरा बनाई नाच्ने गर्दछन् । विशेष गरी लिम्बुहरुको केटाको मागी विवाहमा बेहुलीलाई केटाको तर्फबाट दिईएको लुगा गहना फेराउन नजिकैको चौतारामा लगिने चलन रहेको छ । यसबेला बेहुली र लोकन्दीहरु पहिले नै जान्छन् र बेहुली तयार गर्छन् । त्यसपछि बेहुला पञ्चेबाजा र च्याब्रुङ सहित जन्ती लिएर बेहुली लिन जान्छन् । यस बेला पनि कदमे नाच नाच्दै लिन जान्छन् । यसै गरी विवाह सकेपछि च्याब्रुङ नाच्ने समूहहरु विदा मागेर घर जाने बेलामा यहि नाच नाच्दै तीन पटक घर वरिपरि घुमेर नाच्दै आफ्नो बाटो लाग्छन् ।

### ५.३.२ कुसरक्पा नाच

विशेष गरी विवाहमा लामो समय सम्म नाच्नुपर्ने हुँदा कुसरक्पा नाच नाच्ने गरिन्छ । कुसरक्पाको नेपाली अर्थ सजिलो हो । यसको नाम अनुसार नाच पनि सजिलो र ढिलो तरिकाले नाचिने गरिन्छ ।  कुसरक्पा नाच ठाउँ अनुसार फरक भएता पनि च्याब्रुङ नाच र ताल बारे थाहा नहुदाँ एउटै सुनिन्छ, तर ध्यान दिएर सुन्ने र बुझ्ने हो भने फरक भेटिन्छ । कुसरक्पा नाच पाउँको

चाल अनुसार, नाचको प्रकृती र प्रस्तुती अनुसार लाःङसाङ कुसरक्पा, लाःङनुङ कुसरक्पा र लाःङएप कुसरक्पा गरी तीन किसिमले नाचिन्छ। धनकुटाको चौबिसमा लाःङसाङ कुसरक्पामा नाच नाचिन्छ। यसका साथै ताप्लेजुङ्ग, संखुवासभामा लाःङनुङ कुसरक्पा ताल नाच्ने गरिन्छ भने तेह्रथुम फेदाप तिर लाःङएप कुसरक्पा तालमा नाचिन्छ (खजुम,२०७१) । कुनै पनि शुभकार्यमा विशेष गरी विवाहमा कुसरक्पा अनिवार्य रुपमा यो नाचिन्छ । यस पछि नाबोन्जी नाच, एक कदमे, दुई कदमे, तीन कदमे, चौबिसे नाच, ढुकुर नाच तथा विभिन्न चराचुरुङ्गी नाच लगायत सबै प्रकारको नाच नाचिन्छ । यसका साथै भोक लाग्यो भने खाजा माग्दा, आर्शिवाद दिदा र विदा माग्दा च्याब्रुङ बजाउदै के भन्न खोजेको हो नाच्दै हातको चालले इसारा गर्दै नाच्ने गर्दछन् ।

### ५.३. ३ थकथाम्मा नाच

मुन्धुममा उल्लेख भए अनुसार पहिलो मानव घर वाजाईबाले निर्माण गरे तर घर बनाइसकेको केहि दिनमा घर भत्कियो यसरी धेरै पटकको प्रयास पछि पनि त्यस्तै भएपछि उनी आफ्नो बुवा कहाँ सल्लाह लिन गए र बुवाले फेदाङ्माहरु सँग गएर समस्या बताउनु भनी सल्लाह दिनु भयो । यसरी फेदाङ्माहरुले तिमिले रातभर च्याब्रुङ बजाउँदै थक्थाम्म् मुन्धुम गाउँदै नाच्यौ भने मात्र च्याब्रुङको आवाजले धुले किरा झर्ने र तिम्रो घर केहि हुदैंन भन्नु भयो । यसरी बाजाइवाले त्यसै गरे पछि सो समस्या टर्‍यो । यसप्रकार त्यसै समयबाट यो नाचको शुरुवात भएको र आज सम्म पनि हरेक लिम्बुले ठूलो होस् वा सानो होस् नयाँ घर बनाए पछि थकथाम् मुन्धुम गाउँदै सबै गाउँले जम्मा भएर थकथाम्मा नाच नाच्ने गर्दछन् । यसरी घर बनाए पछि यो संस्कार नगरेमा घरमा भुतको बास हुने दुःख दिने, दुखविराम हुने, काम सफल नहुने भन्ने मान्यता आज पनि लिम्बूहरुमा रहेको छ र उनीहरु यो कुरालाई लिएर हेलचेकाइ गदैनन् विश्वास गर्दछन् । यस बाट यो थाहा पाउन सकिन्छ यसरी यस्ता संस्कारहरुको अस्तित्व र प्रभावले गर्दा नै उनीहरुलाई समाज मिलेर बस्न प्रकार्य गरिरहेको हुन्छ ।

यो नाच चौबिस र मिक्लुङ थुममा (हाल धनकुटा, मोरङ्ग, सुनसरी) विशेष नाचिन्छ । नयाँ घर बनाए पछि घरसर्दा घरमा धुलेकिरा वा धमिरा नलागोस् भनेर यो नाच च्याब्रुङ बजाउँदै नाचिन्छ । त्यसैगरी लगन सकेर तुरुन्तै नयाँ बेहुला-बेहुली लाई मिलेर घर गरिखाउन्, रोगव्याधी नलागुन् भनेर आशिर्वाद दिदै यो नाच नाच्ने गरिन्छ । यो नाच खुट्टाको कुर्कुच्चा थेचारेको जस्तो गर्दै नाचिन्छ । यसरी नयाँ घरमा थकथाम्मा नाच नचाउँदा च्याब्रुङबाट उत्पन्न ठूलो आवाजको कम्पनले घरमा

लागेका धमिराहरु झर्ने र कहिल्यै नलाग्ने मान्यता लिम्बु समूदायमा रहेको छ । यो नाचमा च्याब्रुङ बजाउँदै घरको सिरान तला, बीच तला हुदैँ भुईतलामा नाच्दै घर भित्रका हरेक कोठामा र घर वरिपरि घरमा खुशीयाली छाओस्, सुख शान्ती बनिरहोस्, आँधीबरी नलागोस्, लक्षिन आओस् भनेर कामना सहित आर्शिवाद दिदै नाचिन्छ । नयाँ घरमा च्याब्रुङ नाच्नु भनेको मूख्य विधि माउ धमिरा (मुधक थकनाम) नलागोस् भन्ने नै हो ।

**५.३.४ माङलाङ (देव नाच)**

लिम्बुहरुमा प्रचलित अर्को च्याब्रुङ नाच माङलाङ नाच पनि हो । यसको शाब्दिक अर्थ लिम्बु भाषामा 'माङ्' भन्नाले 'देव' र 'लाःङ्' भन्नाले 'नाच्नु' हो । समग्रमा भन्नु पर्दा देव नाच अर्थात् देवतालाई खुशी बनाउन नाचिने नाच हो । मानव सृष्टि पछि देवताहरुले नै मानिसलाई संस्कृती संस्कार दिए भन्ने धार्मिक मान्यता रहेको र सोहि संस्कृती अनुशरण गर्दै आएकाले यस नाचलाई देवनाच भनियो भन्ने धारणा लिम्बुहरुमा रहेको छ । यो नाच विशेष गरी सत्यहाङ्मा किरातहरुले नाच्ने गर्दछन् । माङ्लाङ् नाचमा च्याब्रुङ सहित एकतारे (चिन्डो,बाँस,तार र छालाबाट बनाइएको), झ्याम्टा बजाएर नाचिन्छ । साथै हातमा धनुवाण, तरवार, भाला र खुकुरी बोकेर नचाउँदै यो नाच नाचिन्छ । यसो गर्नमा किराती राई लिम्बुका पूर्खाहरुले यस्ता हातहतियारको प्रयोग गर्दथे भनेर झल्काउन खोजिएको हो । यो विशेष गरी पूजाको समयमा नाचिन्छ ।

मंसिर २८ गते हुने लिम्बुहरुको महान् चाड चासोक तङ्नाम हो । लिम्बु भाषामा चासोकको शाब्दिक अर्थ न्वागी र तङ्नामको अर्थ चाडबाड हुन्छ । ऋृतु परिवर्तन र खेतीपातीको यामलाई ध्यानमा राखेर यी चाडहरु मनाइने गरिन्छ । चासोक तङ्नाममा सबै लिम्बुहरुले आ-आफ्नो घर बाट फुल, अक्षिता, फलफूल नयाँ अन्न ल्याई एकै ठाउँमा जम्मा भएर पूजा गरी धुमधाम संग मनाउने गर्दछन् । याक्वा र चासोक तङ्नाम लिम्बु जातिले मनाउने प्रमुख चाडहरु हुन् । बिउ-बिजन, छरपोख गर्ने बेलामा भने उभौली पूजा गरिन्छ, भने चासोक तङ्नाम(न्वागी) नयाँ बाली पाकेर भित्र्याउने बेला उद्यौलीमा गरिन्छ । अनेक किसिमको दुःख सहनु नपरोस, रोगहरुको सिकार हुन नपरनेस, अन्नबाली राम्ररी सप्रियोस भन्ने रहेको छ । आफुले उब्जाएको अन्नबाली देवीदेवातालाई नचढाई खाएमा रगत छाद्ने, रगत दिसा गर्ने, कुँजे हुने, जिउ सुकेर जाने, जस्ता रोगहरुबाट मुक्त भइन्छ भन्ने विश्वास रहेको छ । यस्तो रोगहरुबाट मुक्त हुनको लागी विभिन्न देवी

देवताहरुलाई नयाँ खानेकुरा चढाई चासोक तङ्नाम मनाउने गर्दछन् । पछि सबै मिलेर च्याब्रूङ नाच्छन् कोहि धान नाच्छन् त कोहि हसि ठट्टा गदै जाँड रक्सी खादै रमाइलो गरि मनाउँदछन् ।

यसै गरि सतिहाङ्मा धर्मका प्रवर्तक गुरु फाल्गुनन्दको जन्मजयन्तीका दिन पनि विशेष गरी सतिहाङ्मा मान्ने लिम्बुहरु फाल्गुनन्दको मन्दिरमा जम्मा भएर पूजाआजा गरि मुन्धुम गाउँदै विभिन्न बाजा बजाउँदै माङ्लाङ् नाच्दछन । यसरी पुजाको अन्त्यमा पुजामा सहभागी सबै जनाले कसैले च्याब्रुङ कसैले झ्याम्टा, घण्टी, डमरु, एकतारे, भाला, तरवार, धनुकाण, बोक्छन् भने पुजारीले मन्त्र पढ्दै थानको वरिपरि घुम्दै फूल अक्षिता छर्दै चार पटक घुम्दै माङ्लाङ् नाच्दछन् । यो दिन गुरु फाल्गुनन्दको समाधिस्थल पाँचथर सिलौटीमा धुमधामले मनाइन्छ । यो सतिहाङ्मा मान्ने लिम्बूहरुको पवित्र धार्मिक स्थल हो । यसका साथै दमकको हात्तीलेदा, काठमाण्डौंको हात्तीबनमा जम्मा भएर विशेष पूजा गरी नाच्दै फाल्गुनन्द जयन्ती मनाउने गर्दछन् ।

### ५.३.५ तुङदुङे नाच (कुलपूजामा नाचिने नाच)

लिम्बुहरुको कुलपूजामा विशेष प्रकारले च्याब्रुङ बजाईन्छ र नाच नाचिन्छ । अन्य नाचमा जस्तो यसमा कुनै समूमा नाचिदैन यसमा त केवल पुजारी र उसको एकजना साथी मात्र नाच्छ । च्याब्रुङ बाजाको बजाउने दुई भाग हुन्छ त्यसमध्ये एकातर्फ लठ्ठीले बजाईन्छ भने अर्कोतर्फ हातले । यस नाचमा लठ्ठीले बजाउने तर्फ बजाउँदै नाच्ने गरिन्छ । लठ्ठीले बजाउने भागलाई आकाश तिर फर्काएर पूजाको थानमा बाँधिन्छ र लठ्ठीले एकोहोरो दुङदुङ दुङ गर्दै बजाईन्छ । यसमा युमा थेवा र उसको साथी साथमा काशको थाल बजाउँदै थान वरिपरि नाच्छन् भने च्याब्रुङ बजाउने अर्कै व्यक्ति हुन्छ ।

दुङदङे पुजा लिम्बु तथा याख्खा जातीले गर्ने गर्दछन् । यो पुजा जसकोमा दुङदङे देवता छ उसले मात्र गर्दछ । यो पुजा गर्दा बोका सानै हुदाँ नै यो पुजामा चढाउँछु भनेर भाकल गरेको हुन्छ । सो बोका ठूलो भएपछि गाउँले सबैलाई बोलाएर ठूलो पुजा गर्दछन् । पुजा गर्दा बाँसको अग्लो थान बनाइन्छ माथी थान बनाईन्छ जसको एकातिर मात्र खुला राखेर तीन तिर बारिन्छ र पुजा गर्दै गर्दा जीउदै बोकाको कलेजो झिकेर सो थानमा फ्याकिन्छ र पुजा सकेपछि सोहि बोकाको मासु पकाएर प्रसादको रुपमा गाउँले लाई जाडँ सँग दिइन्छ । यसप्रकारको पूजा कहिलेकाहि मात्र गरिन्छ । यसरी

पूजा गर्दा बिरामी भएमा निको होस् भनेर, कतै टाढा गएका हरुको दुख बिमार नहोस् भनेर गर्ने गरिन्छ ।

### ५.३.६ नाबोन्जी नाच

नाबोन्जीको नेपाली अर्थ ना-माछा र बोन्जी-भूराहरु वा बच्चाहरु भन्ने हुन्छ । माछाका भूराहरु जस्तै नाचिने नाच नै नाबोन्जी नाच हो । यसमा माछाका माउलाई जसरी भूराहरुले पछ्याउछन् त्यसरी नै च्याब्रुङ बजाउने व्यक्तिहरु अघि-अघि र नाच्ने व्यक्तिहरु पछि-पछि पछ्याउँदै नाच्छन् । यो नाच गोलो घेरामा नाचिदैन सिधा वा तेर्सो तरिकाले नाच्ने गरिन्छ । नाबोन्जी नाच चौबिसेमा पहिलेका बुढापाकाले मात्र नाच्दथे वर्तमान अवस्थामा भने कोहिकोहि ठाउँमा मात्र नाच्छन् । तर लिम्बुबान क्षेत्रका अन्य ठाउँमा भने नाच्ने गर्दछन् ।

### ५.३.७ याम्फू नाच

याम्फू राई जातीको एउटा थर हो । यो नाच विशेष गरि याम्फू राईहरुले नाच्ने गर्दछन् । उनीहरुको नाचलाई लिम्बुहरुले पनि नाच्ने हुनाले यसको नाम नै याम्फू नाच रहन गयो । छिटो-छिटो च्याब्रुङ बजाउदै नाचिले यो नाच विशेष गरी चौबिसे क्षेत्रमा नाचिन्छ । यसमा अगाडि तीन कदम पछाडि तीन कदम सार्दै नाच्ने गरिन्छ ।

### ५.३.८ पुतुके नाच

पुतुके नाच लाई नेपालीमा ढुकुर नाच भनिन्छ । च्याब्रुङ नाचको चराचुरुङ्गी नाच समूह भित्रको एउटा नाच पुतुके नाच हो । चौबिसे क्षेत्रमा च्याब्रुङ नाचका चराचुरुङ्गी नाच समूह भित्रका यो नाच मात्र नाच्ने चलन रहेको छ । जसरी ढुकुरले गीत गाउँदै टाउको निहुराउदै नाच्छ त्यसरी नै च्याब्रुङ बजाउँदै, टाउको निहुराउँदै, घुम्दै नाच्ने गरिन्छ । च्याब्रुङको उत्पत्तीको किम्बदन्ती मा उल्लेख भए अनुसार केसामी र नाम्सामीको कथामा जब केसामीलाई नाम्सामीले मारे पछि आमा शोकमा पर्नुहुन्छ र आमाको मन भुलाउन नाम्सामीले केसामीको छाला बाट च्याब्रुङ बनाएर

जंगलमा जादैं चराचुरुङ्गीको नक्कल गर्दै नाच्ने क्रममा यो नाचको पनि शुरुवात भयो भन्ने मान्यता छ ।

धनकुटा चौबिसमा यी माथिका नाचहरु विशेष नाचिन्छ भने च्याब्रूङका अन्य प्रकारहरु पनि नाचिने रहेछ ।

# अध्याय-६

# च्याब्रुङ नाचमा महिलाको भूमिका र

# लिम्बु जातिको पहिचानको राजनितिका लागि गरिएका प्रयासहरु

## ६.१. च्याब्रुङ नाचमा महिलाको भूमिका

लिम्बुनीहरु पल्लो किरात निवासी चेलीबेटी हुन् । उनीहरुको सामाजिक जीवन अरु जातीको चेलीहरुको भन्दा विशेष उल्लेखनिय छ । यिनिहरु निर्लज्जा र स्पष्टवक्ता हुन्छन् । घर, हाटबजार जहाँसुकै मिलनसार र स्वतन्त्र हुन्छन् । घरमा आउने पाहुनाहरुको खुला दिलले सत्कार गर्ने बानी लिम्बुनी चेलीहरुको हुन्छ । घरको काम होस् या खेतबारीको काम होस् यिनिहरु कुनै काममा पछि हट्दैनन् र उनीहरुले आफ्नो मौलिक गहना ढुङग्री, चन्द्रहार, रेजी, नौगेडी, बुलाकी आदि गहनाहरु आफ्नै पेवा रुपैयाले बनाउछन् । लिम्बुहरुको प्रचलित नाच धान नाच बाह्रैमास भईरहन्छ जसको लागि उनीहरु स्वतन्त्र हुन्छन् । उनीहरुको विवाह आफ्नो इच्छा अनुसार हुने गर्दछ । विवाहको लागि छोरी राजी छैन भने बाबुआमाले जबरजस्ती छोरी जिम्मा लगाउदैनन् । उनीहरु जति पटक पनि विवाह गर्न पाउछन्, यसले उनीहरुको रितिरिवाजमा केहि असर पार्दैन, कानुनी बन्धन भए पनि सामाजिक बन्धन छैन । यस विषयमा लिम्बुनी चेलीहरु अरु चेलीहरु भन्दा धेरै स्वतन्त्र हुन्छन् । यिनिहरु 'ख्याली', पालाम र अरु गीतहरु गाउन सिपालु हुन्छन् (सुवेदी,२०१९) ।

आधुनिक जीवनशैली अपनाउने क्रम बढेता पनि लिम्बु जातीका महिलाहरुमा परम्परागत गहना मोह घटेको छैन । उनीहरु आफ्नो गहनाहरु गौरव मान्दै लगाउछन्, यति सम्म मरिहत्ते गर्छन् कि सुन भन्दा कम छैन हराएमा डर छैन भन्ने गहना भए पनि लगाउँछन् । यस्ता गहनाहरु प्राय च्याब्रुङ नाच्ने समूहका महिलाहरुले लगाउने गर्दछन् । लिम्बु महिलाहरुमा गहनाको मोह नघट्नुको कारण किरात याक्थुम चुम्लुङका केन्द्रिय सचिव निरन्ती तुम्बापोका अनुसार पहिचानको आन्दोलन तथा जातीय संघ-संस्थाबाट भईरहेको जनजागरणले पनि हो (गोरखापत्र, २०६३) ।

सामान्यतया एउटा उत्कृष्ट च्याब्रुङ नाचमा पुरुषको जति संख्या हुन्छ महिलाको पनि उति नै हुन आवश्यक छ । स्थलगत अध्ययन अनुसार च्याब्रुङ नाचमा महिलाको सहभागिता पुरुष सरह समान रहेको पाइयो भने च्याब्रुङ बजाउदै नाच्नेमा भने पुरुषहरु मात्र थिए । च्याब्रुङ नाचमा महिला को उपस्थिति बिना नचाउदा केहि फरक पर्छ भन्ने प्रश्नमा कोहीले नाच नै अधुरो हुन्छ, सुहाउदिलो

हुदैन, केहि फरक पर्दैन तर महिला भए सुनमा सुगन्ध थपिन्छ भन्ने उत्तर दिए भने खड्ग बहादुर चेम्जोङले रानी विनाको राजा जस्तै हुन्छ भनी अलग उत्तर दिएका थिए ।

च्याब्रुङ नाच्दा महिलाको भूमिका कस्तो हुन्छ ? भन्ने प्रश्नमा छनोटमा परेका अधिकांश उत्तरदाताहरुले पुरुषको पछि-पछि हात हल्लाउदै नाच्दै साथ दिने भएकाले सहयोगीको मात्र भूमिका हुन्छ भन्ने उत्तर दिए भने एकजना मनि लिम्बु नाम गरेका उत्तरदाताले भने च्याब्रुङ नाचमा महिलाहरुले गीत गाउँदै नाच्नु पर्ने भएकाले महत्वपूर्ण भूमिका हुन्छ भन्ने उत्तर दिए । यसप्रकार च्याब्रुङ नाचमा महिलाहरु पुरुषहरुलाई साथ दिदै दुवै हातलाई माथी लगी पुनः तल विस्तारै झार्ने गर्दै नाचेको पाईयो, भने साथमा च्याब्रुङ नबोक्ने पुरुषहरुले महिलाहरुले झै हात हल्लाउदै साथ दिएको पाईयो । किराती मुन्धुम अनुसार यसरी हात हल्लाउनुको कारण सेक्मुरी फूल रोपेको नक्कल गरेको भन्ने पाइन्छ । इमानसिं चेम्जोङका अनुसार- “प्रत्येक महिलाहरु प्रत्येक पुरुषको एक एक गरी पछि लागेर हातखुट्टाको चाल अनुसरण गर्छन् र सबैले च्याब्रूङको तालमा हातखुट्टा चलाउदै दायाँ-वायाँ घुम्छन् ।”

लावती येहाङका ज्यूलाई यस नाचमा महिलाको भूमिका बारे प्रश्न गर्दा उहाका अनुसार “च्याब्रुङ नाचमा पुरुषहरु च्याब्रुङ बजाउँदै नाच्छन् भने स्त्रीहरु पनि पुरुषको बीचबीचमा पसेर दुई हात जोडी उठाउँदै वा झ्याम्टा बजाउँदै च्याब्रुङ कै तालमा नाच्छन् ।” धनकुटा जिल्लाको चौबिस भित्रका लिम्बुहरुमा अन्य नाचहरु धान नाच, केन्जोरी, ताम्राङे नाच भन्दा च्याब्रुङ नाच बढि नाचेको र प्रचलनमा रहेको पाइयो । चौबिस भित्रका लिम्बुहरुका अनुसार यहाँका लिम्बुहरुमा घर नजिकको दुरीमा भने महिला पुरुषको ठूलो समूह बनाएर गएको पाइयो भने टाढाको दूरीमा भने महिलाको कम सहभागिता रहेको पाईयो । विवाहित महिलाको तुलनामा अविवाहित महिलाहरुलाई च्याब्रुङ नाच्न बढि स्वतन्त्रता रहेको पाइयो । कारण विवाहित महिलाहरु माथी घरव्यवहार तथा बालबच्चाको जिम्मेवारीले गर्दा पनि हो, यसका साथै आफ्नो श्रीमानको सहमती वा असहमतीमा पनि भरपर्ने रहेछ । च्याब्रुङ नाच महिलाहरुको मात्र समूह भएर कहिल्यै नाचेको पाइएन तर पुरुषहरुको समूह मात्र भने नाचेको पाइयो । च्याब्रुङ ठूलो बाजा समूह अर्न्तगत पर्ने भएकोले यसको तौल बढि हुन्छ र केहि महिलाहरुले बजाई हालेता पनि लामो समयसम्म बजाउदै नाच्न नसक्ने रहेछन् ।

लिम्बूवान अध्ययन केन्द्रका सदस्य डि.बि. आङ्बुङ् ज्यूका अनुसार स्वभाविक रुपले महिला हरुले घरको काम गर्नु पर्ने तर पुरुषहरु गर्नु नपर्ने भएकोले र पितृसतात्मक परिवारको प्रभावले पनि

पुरुषहरुलाई जे गर्न पनि छुट हुन्छ र अर्को च्याब्रुङ नाच्न शारिरिक बल चाहिने भएकाले पनि महिलाको सहभागिता यसमा कम हुन्छ । महिलाहरुले आफ्नो परम्परागत पोशाक र गरगहना लगाएर नाच्दा नाच अझ आकर्षक देखिन्छ । गाउँ घरमा विवाह भयो भने रातभरि च्याब्रुङ नाच्नु पर्दछ यदि नाच्न रोक्यो भने बेहुला-बेहुलीको लागि नराम्रो हुन्छ भन्ने भनाई छ । यसरी राती देखि बिहान सम्म नाच्ने नाच नाम्दाते नाच हो । यो नाच लामो समय सम्म नाच्नु पर्ने भएकोले यस नाचमा महिलाको उपस्थिति अनिवार्य हुनु पर्दछ भन्ने छ । किनकी यस नाच राती देखि बिहान सम्म नाच्नु पर्ने र महिलाहरुले सरलैमा सर भन्दै गीत गाउछन् भने पुरुषहरुले च्याब्रुङ बजाउछन् । महिलाले पुरुषहरुको नाच्ने समूहको बीच मा पसेर नाच्दै च्याब्रुङको तालमा हातले केसामीको फूल गोडेको भन्ने संकेत दिदै केसामी गीत गाउछन् । यस्तो गीतमा केलाङको उत्पत्ती कसरी भयो र जीवन जगतका कुराहरु गरेर रातभर गीत गाउनेमा महिलाको भूमिका मूख्य हुन्छ ।

महिलाहरुले च्याब्रुङ बोकेर नाचेको नदेखिएता पनि च्याब्रुङ नाचको समूहलाई नै नेतृन्व गरेर नाच्ने महिलाहरु भने बर्तमान अवस्थामा रहेको कुरा किरात याक्थुम चुम्लुङका पूर्व अध्यक्ष अर्जुन लिम्बु भन्नुहुन्छ । यसरी नेतृत्व गर्ने महिलाले कुन बेला कुन तरिकाले नाच्ने, कसरी नाच्ने, फर्किने आदि कुराहरु आफूले गरेर आफूसँगै समूहलाई पनि नाच्न लगाउने गर्दछिन् ।

वर्तमान परिस्थितिमा जस्तो च्याब्रुङ नचाउने संघसंस्था खुल्नु अघि च्याब्रुङ नाचमा गाउँकै महिलाहरुले केहि समयको लागि वा आफ्नो मनोरञ्जनका लागी मात्र साथ दिने गर्दथे, तर हाल आएर भने विशेष गरी महिलाहरुलाई नै भनेर पनि वा महिलालाई प्रोत्साहन दिन गाउँ देखि शहर सम्म च्याब्रुङ नाचको प्रशिक्षण दिइएको पाईयो ।

## ६.२. लिम्बु जातिको पहिचान र राजनितिका लागि गरिएका प्रयासहरु

राज्यको विकाशको मूल प्रवाहवाट बाहिरिएका शोषित, शासित, आवाजहिन, उत्पिडित तथा इतिहास विहिन जाती, वर्ग, वा समूदाय नै निमूखा हुन् । नेपालको सन्दर्भमा निमूखा आदिवासी जनजाती हुन् (राई, २०७१) । नेपालका शासकले राष्ट्र भाषा नेपाली र धर्म हिन्दु मान्नै पर्ने कानुन बनाई मान्न बाध्य बनायो जसको कारण अन्य जातीको भाषा, धर्म, संस्कृतीलाई लोप बनाउने उद्देश्य अनुरुपको शासन व्यवस्था निर्माण गरी आदिवासी जनजातीहरुलाई विकाशको मूल प्रवाहबाट अलग गरियो ।

यसैको प्रभाव स्वरुप लिम्बुवानको किपट व्यवस्था समाप्त भयो । लिम्बु जातीको पहिचान नै किपट सँग जोडिएको थियो । यस व्यवस्थालाई हटाएर लिम्बुहरुको संस्कृतीमा ठूलो धक्का लाग्यो । आफ्नो संस्कृती संस्कार बचाई राख्न लिम्बुहरुका पूर्खाहरु देखि हाल सम्म पनि संघर्षरत छन् । येहाङ्ग लावतीका अनुसार- वर्तमान अवस्थामा नेपालको पूर्वका नौ जिल्ला र छिमेकी राष्ट्र भारतको दार्जिलिङ्ग, सिलिगुडी, कालेबुङ्गमा पनि लिम्बुहरुको अत्यन्त्यै धेरै बसोवास थियो । तर सन् १८६४ मा अंग्रेजहरुले आफ्नो कब्जामा लिएपछि लिम्बुवानका लिम्बुहरुलाई राजनैतिक सीमाले तीन तीर छुट्यायो । जसले गर्दा एकअर्कामा भेटघाट तथा आवत-जावतमा समेत रोक लगाउनुका साथै सामाजिक, आर्थिक, सांस्कृतिक क्षति व्यहोर्नु पऱ्यो । यति हुदाँहुदै पनि उनीहरुले आफ्नो भाषा, संस्कृती, परम्परामा थोरै पनि भिन्नता आउन दिएनन् । आदिकाल देखि लिम्बूहरुको इतिहास र संस्कृतीसँग जोडिएको सामूहिक सम्पत्ती किपट हो । सन् १८३१ मा पृथ्वीनारायण शाहले किपट माथि लिम्बुवान क्षेत्रका लिम्बुहरुलाई कहिल्यै पनि हरण नहुने गरी अधिकार दिईएको भनि ताम्रपत्र लेखेर सुम्पेता पनि प्रजातन्त्रको शुरुवात सँगै नीति निर्माण तहमा खशहरुको बाहुल्यता सँगै २०२५-०७-०८ मा भूमि सुधारको नाममा किपट व्यवस्था उन्मूलन गरियो । यसरी जफत गरिएको जग्गाको मूआब्जा समेत नदिइ खोसेर किपट व्यवस्थालाई समाप्त पारियो । यसका बिरुद्द लिम्बूहरुले घोर विरोध गरेता पनि लिम्बूवानको संगठित संस्था नभएको र पञ्चायती व्यवस्थाले गर्दा गति पाउन सकेन (लावती, २०६२) ।

अशोक नेम्वाङका अनुसार- “लिम्बुहरुका बीच पनि फूट पैदा गर्न पृथ्वीनारायण शाहले सुवेदारको जागिर दिने प्रलोभनमा पारी केहि लिम्बुहरुलाई आफ्नो गरे जसलाई काशी गोत्रका भनियो र अन्यलाई ल्हासा गोत्रको लिम्बु भनियो । काशी गोत्रकाहरु आफूलाई ठूलो जात मानी ल्हासा गोत्रका लिम्बुले छोएको नखाने, जनै लगाउने गर्दथे । ल्हासा गोत्रका लिम्बुहरुले भने आफ्नो धर्म संस्कारमा नै बसे । तर पछि पृथ्वीनारायण शाहले आफ्नो वचन पनि पूरा गरेनन् र काशी गोत्रकाले किपट नपाउने सनद कानुन ल्याएपछि काशी गोत्रका लिम्बुहरु सर्तक भए । र वि.स. १८३८ मा अमाली सूब्बाहरु मिलेर एउटा ठूलो सभा गरी काशी गोत्रका लिम्बुहरुले अब देखि जनै नलगाउने, आपसमा झै-झगडा नगर्ने, दश लिम्बुको रितिरिवाजमा चल्ने भनि मुखको विधान पास गरेर त्यस बेला काशी गोत्रका लिम्बुहरुले लगाएको तीन ढाकर जनै तमोर नदिमा बगाएर पठाए । २००७ सालमा लिम्बुवान स्वायत्तताको लागी छुट्टै स्वतन्त्र राज्य माग गर्नु पर्छ भनेर इमानसिं चेम्जोङले कुरा उठाए पनि लिम्बुहरुले व्यक्तिगत स्वार्थ तिर लागेर साथ दिएनन् । त्यस बेला पनि राजा त्रिभूवनले विभिन्न पदमा नियुक्ति गर्ने प्रलोभनमा पारेका थिए” (नेम्बाङ, २०६०) ।

कपलानका अनुसार लिम्बुवानमा जनजातीय भूमी माथी भएको संघर्ष अतितको घटना होइन जारी प्रकृया हो । किपट प्रथा लिम्बुहरुको जीवनशैलीसँग जोडिएको उनीहरुको पहिचान र संस्कृती हो । यस माथीको हस्तक्षेपलाई आफ्नो संस्कृती र पहिचान माथीको अतिक्रमणका रुपमा लिम्बूहरुले लिएका छन् । उन्नाइसौं शताब्दीको अन्त्यबाट नै लिम्बूहरुले किपट जोगाउन वा रैकरमा बदल्नबाट रोक्न आन्दोलन गर्दै आएका छन् । उनीहरु आफ्नो सांस्कृतिक अतिक्रमणलाई अन्त्य गरेर आफ्नो संस्कार र संस्कृतीलाई विशिष्ट रुपमा राखी छुट्टै समूदायका रुपमा रहन चाहन्छन् । जसले किपट बचाउ अभियानमा पनि सहयोग पुऱ्याउँदछ (Caplan,1970)।

सयौं बर्ष नेपालमा शासन गरेका किरातहरुको इतिहास सुरक्षित गर्ने प्रयास गर्नुको सट्टा बरु मेट्ने प्रयास गरियो । र शासन सत्तामा पहुँच नभएका किरात लिम्बुहरुको भाषा, संस्कृती लोप हुने अवस्थामा पुग्यो । तर, वर्तमान अवस्थामा भने लोप भइसकेको लिम्बुहरुको संस्कृतीको जगेर्ना गर्नु पर्छ भन्ने चेतना आई आफ्नो संस्कृती जोगाउन व्यक्तिगत तथा संस्कारगत रुपमा हरप्रकारले लागि परेका छन् यो एकदमै राम्रो कुरा हो । साथै यसैको उपलब्धि स्वरुप वर्तमानमा लिम्बुवान क्षेत्रका केहि विद्यालयहरुमा प्राथमिक तहमा श्रीजङ्गा लिपिमा पढाई पनि हुने गरेको छ । नेपालमा बसोबास गर्ने सबै जातजातीको आ-आफ्नै मैलिक पहिचान भएकोले त्यसलाई स्वीकारी राष्ट्रिय एकता मजबुत बनाउनु पर्ने  र नेपाल बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक मुलुक भएकाले एक अर्काको पहिचान र संस्कृतीलाई स्वीकारेर अघि बढ्न आवश्यक छ ।

हाल आएर विभिन्न राजनैतिक ऱ्याली, जुलुस, सभा हरुमा च्याब्रुङ बाजाको प्रयोग उच्च हुदै आइरहेको छ र यसको प्रभावकारिता पनि उत्तिकै रहेको छ । लिम्बुहरुको पहिचानको प्रतिकको रुपमा च्याब्रुङ लाई महत्वपुर्ण मानिन्छ ।

पहिले-पहिले विवाह, घरपैचो, पूजा आदिमा मात्र सिमित राखिएको च्याब्रुङ नाचमा हाल भने सांस्कृतिक तथा संस्कारगत समारोहमा मात्र नभएर सामाजिक, राजनैतिक समारोहमा पनि च्याब्रुङ नाच देखाउने गरिन्छ । पहिचानका आन्दोलनहरुमा च्याब्रुङ नाचले स्वभाविक रुपले नै यसको अर्थ र महत्व नै फरक हुने कुरा डि.वि. आङबुङ बताउनु हुन्छ । उहाँका अनुसार सबैलाई च्याब्रुङ नाच्न नआउने हुनाले उचित ताल मिलाएर सुहाउदो तरिकाले नाच्ने मानिसहरुको अभाव हुनु चुनौती पूर्ण रहेको छ ।

नेपाल सरकारले जनजाती र उनीहरुको संस्कृती देशको गहना हुन् यसको संरक्षण गर्नु पर्छ भनेर जतिसुकै भाषण गरेता पनि यसलाई कार्यान्वयनमा भने ल्याएका छैनन् । यस्तो संबेदनशील पक्षलाई

केबल भाषणमा नै सिमित राखेका छन् । विदेशी कुटनितिज्ञहरु, राजनैतिक पाहुनाहरु आउदा चाहि देखाउनको लागि भने जनजातीहरुले नै आफ्नो भेषभुषा, गरगहना र बाजागाजा सहित सडकमा उत्रनु पर्दछ । तर कार्यक्रम सकेपछि भने राज्यले बेवास्ता गर्दछन् । इतिहास देखि हालसम्म पनि राज्यले जनजातीहरुलाई प्रयोग गर्दै आइरहेका छन् र गरिरहेका छन् । हाल आएर भने उनीहरु जातीय संस्था खोलेर आफ्नो संस्कृती, संस्कारको उत्थान गर्ने काममा लागि परेका छन् । यसरी बर्तमान अवस्थामा आफ्नो संस्कृती तथा पहिचानको संरक्षणका लागि केहि मात्रामा भए पनि कदमहरु चालिएका छन् ।

**६.३. वर्तमान अवस्थामा च्याब्रुङ नाचको संरक्षण र सम्बर्धनका लागि गरिएका प्रयासहरु**

लिम्बु समूदायमा पहिलेको तुलनामा वर्तमान अवस्थामा आफ्नो मौलिक पहिचान र संस्कृतीलाई संरक्षण गर्नु पर्छ भन्ने चेतना आएको छ । तर पनि अहिलेको आधुनिकीकरण र विश्वव्यापीकरणको प्रभावबाट लिम्बु समूदायमा युवाहरु अछुतो छैनन् । आफ्नो संस्कृतीको संरक्षण सम्बर्धन गर्नमा युवापुस्ताको ठूलो भुमिका हुने हुनाले उनीहरुलाई समयमा नै जागरुक गराउन जरुरी छ ।

लिम्बुहरुको सांस्कृतीक पहिचान झल्काउने च्याब्रुङ नाचको संरक्षण नै आफ्नो मौलिक संस्कृतीको संरक्षण हो । यसको संरक्षण र संबर्धनका लागि के-कस्ता प्रयास गर्नु पर्छ भन्ने प्रश्नमा पूर्णमाया लिम्बुले च्याब्रुङ नाचको समिती गठन गरेर, विवाह, मैतालु, चौतारा, कार्यक्रममा अनिवार्य च्याब्रुङ नचाएर, भन्ने उत्तर दिनुभयो । यो नाचको महत्व र च्याब्रुङ निर्माण सम्बन्धि सामग्रीहरुका बारेमा युवा वर्गलाई जानकारी दिन अन्तरक्रिया कार्यक्रम संचालन गर्ने, च्याब्रुङ नाचका प्रशिक्षण दिने जस्ता कार्य गर्नुपर्छ भनेर देवेन्द्र थेगिमले उत्तर दिएका थिए । त्यसैगरी ममिन्द्र कुमार लिम्बुका विचारमा सर्वप्रथमतः नयाँ पुस्तालाई यो नाचका बारेमा बुझाउन अति आवश्यक छ, अहिलेको अवस्थामा जस्तो पाका र पहिलेका पुस्ताले मात्र यस नाच प्रति चासो देखाउने हो भने लिम्बु जातीको पहिचान जोगाई राख्न चुनौती रहेको छ त्यसैले एक लिम्बु एक च्याबुङ र एक कार्यक्रम को अवधारणा वडा-वडा वा गाउँ-गाउँ मा ल्याउन जरुरी छ । देवीमाया लिम्बुका अनुसार प्रत्येक गाउँमा क्लव खोलेर प्रत्येक महिना ठूलावडा, बुढापाकाहरु बाट नाच्न, बजाउन सिक्ने र च्याब्रुङ

नाच्दा अनिवार्य आफ्नो पोशाक, गर-गहनालाई समावेश गर्नुपर्दछ । च्याब्रुङ नाचलाई प्रोत्साहन दिन विभिन्न प्रतियोगिता गरी पुस्कारको समेत व्यवस्था गर्नु पर्छ र गरिदै आइएको छ भन्ने धारणा काजीमान चेम्जोङको रहेको छ ।

यसप्रकार स्थलगत अध्ययनबाट हाल गाउँ-गाउँमा विभिन्न क्लवहरु खोलेर च्याब्रुङ सम्बन्धि गतिविधिहरु गरिदै आएको कुरा थाहा भयो । यस्ता क्लवहरुले युवा युवतीहरुलाई च्याब्रुङ नाचको प्रशिक्षण दिएर योग्य बनाई विभिन्न कार्यक्रम तथा विवाहमा नचाएर प्राप्त रकम क्लवको सर-सामान लिन प्रयोग गर्ने रहेछन् । गाउँ भन्दा शहरमा अझ बढि च्याब्रुङ नचाउने संस्थाहरु संचालन भएको पाईयो । जस्तै : छथरे समाज, चौबिसे समाज, तीनजुरे समान, ताप्लेजुङ्गे समाज आदि । यी संस्थाहरुको उद्देश्य नै च्याब्रुङ नचाउनु, प्रशिक्षण दिनु, आफ्नो संस्कृती बचाउन विभिन्न कार्य गर्नु, इतिहासको खोजी गरी पुस्तक प्रकाशन गर्नु आदि रहेको छ ।

## ६.४. च्याब्रुङ नाच तथा संस्कृतीको संरक्षणका लागि खुलेका संस्थाहरु

### ६.४.१. किरात याक्थुङ चुम्लुङ

यो एउटा सम्पूर्ण लिम्बु संघ संस्थाको अभिभावक संघ हो । यसै संघको मातहतमा लिम्बु संस्कृती, परम्पराको, उत्थान, संरक्षण तथा संम्वर्धनका प्रयासहरु हुने गर्दछन् । लिम्बु भाषा र साहित्यको विकाशका लागि योगदान पुऱ्याउने उद्देश्यले २०४६ साल भाद्र १७ गते नन्द कन्दङ्वा संयोजकत्वमा किरात याक्थुङ चुम्लुङको स्थापना भयो । हाल आएर यसले मातृभाषा अनौपचारिक शिक्षाको लागि पाठ्यपुस्तक तयार पारेको छ र किराती सिरिजङ्गा लिपि सिकाउनका लागि तालिम तथा कार्यशाला गोष्ठी सञ्चालन गर्दै आएको छ । र, विभिन्न जिल्लामा कक्षा संचालन गर्दै आएको छ । पाठ्यक्रम विकाश केन्द्र सानो ठिमी सँग मिलेर प्राथमिक विद्यालयका लागि मातृभाषामा पाठ्यपुष्तक पनि तयार पारेको छ । यो संस्थाले लिम्बूवान राज्य स्थापनाका लागि सक्दो प्रयास गरिरहेको छ । त्यसै गरि किरात याक्थुङ चुम्लुङले संविधान सभाका ११ समितिमा आफ्नो राय र सुझाव पेश गरेको छ । यसमा संघीय इकाइका विभाजनका आधारहरु जातीय ऐतिहासिक पृष्ठभूमि वा पहिचान, जाति र भाषा हुनुपर्ने, राज्यको नामाकरण गर्दा जाति र भाषाका आधारमा गर्नु पर्ने र राज्यको संख्या ११ हुनु पर्ने त्यसमध्ये एउटा लिम्बूवान हुनुपर्ने उल्लेखित छ (किरात याक्थुङ चुम्लुङ,२०६६) ।

किरात याक्थुङ चुम्लुङको बिसौं परिषदको वैठक धरानमा मिति २०७३ बैशाख ११ र १२ गते बसेको बैठकले “एक घर, एक च्याब्रुङ, एक सिलाम साक्मा लिम्बुहरुको पहिचान एक अभियान” भन्ने नारा कार्यान्वयनमा ल्याएको छ । यसका प्रमूख कार्यहरु :

- किरात शिरिजंगा लिपिको माध्यमबाट लिम्बु भाषामा अनौपचारिक एवं औपचारिक शिक्षामा पठनपाठन गराई लिम्बुहरुलाई साक्षर बनाईएको छ ।
- चुम्लुङ भित्ते पात्रो, आफ्नै किरात लिपिमा र भाषामा तान्छोप्पा पत्रिका, अंग्रेजी भाषामा चुम्लुङ बुलेटिन प्रकाशन गर्दछ ।
- २०५८ को जनगणनाको फाराममा किरात धर्म समावेश गराईएको ।
- किरात संस्थाहरु संग मिलेर पशुपति क्षेत्रमा किरात समाधिस्थलको मान्यता प्राप्त गराएको ।
- अधिराज्य भरि मौलिक चाड चासोक तङ्नामका दिन सरकारबाट सार्वजनिक बिदा दिने घोषणा गराइएको आदि ।(याक्थुम्बा मञ्जुल)

### ६.४.२. लिम्बु चलचित्रकर्मी संघ

लिम्बु चलचित्रकर्मी संघले विशुद्ध रुपमा लिम्बु भाषा, संस्कृती झल्कने फिल्महरु बनाउने गर्दछ । यसले चलचित्रकर्मीको हक हितको कायर्यहरु गर्दछ । साथै यसले लिम्बुहरुको परम्परा, भाषा, रहनसहन, भेषभूषा सम्बन्धि वृत्तचित्रहरुको पनि निर्माण गरी लिम्बु संस्कृतीको संरक्षण गर्दछ । यसका प्रमूख कार्यहरुमा चलचित्र निर्माण गर्नु, बजार व्यवस्थापन गर्नु, लगानी तयार गर्नु, कस्तो चलचित्र बनाउँदा राम्रो हुन्छ सो को निर्यण गर्ने, र हकहितका बारेमा विकाश बोर्ड संग वार्ता गर्ने आदि गर्दछ । फिल्महरुमा जस्तै : केःवा कोक्मा(लाटो पहाड), नुमाफङ(राम्रो फुल), मासेमी, तरेबा(पाहुना), । त्यसैगरि वृत्तचित्रमा निङवा ऐन(मन मिलाउ) आदि ।

### ६.४.३ लिम्बु विद्यार्थी मञ्च

लिम्बु विद्यार्थी मञ्चको स्थापना वि.स. २०५५ साल चैत्र ६ गते भएको हो । लिम्बु युवाहरु मिलेर स्थापना गरेको यस संस्थाले हरेक वर्ष च्याब्रुङको प्रशिक्षण दिने गर्दछ । यसको मूल नारा ‘अस्तित्वको लागि एकता’ हो । लिम्बु विद्यार्थी मञ्चले भर्खरै दमकमा गरेको वृहत् भेलाले विश्वमा

छरिएर रहेका लिम्बुहरुलाई एक गर्ने उद्देश्य राखेको थियो जसमा सिक्किम देखि बर्मा सम्मका लिम्बुहरु सहभागी भएका थिए । हाल आएर नेपालमा पनि सिक्किममा जस्तै लिम्बु भाषामा उच्च शिक्षा दिइनु पर्ने माग सहितको प्रतिवेदन सरकार समक्ष पेश गरेको छ ।

लिम्बु भाषाको पठनपाठनको मागलाई लिएर चुम्लुङ सँगै लि.वि.म.ले पनि राज्यलाई निरन्तर ध्यान आकर्षण गराउँदै दवावमूलक कार्यक्रमहरु गर्दै आइरहेको छ । यसको महत्वपूर्ण कार्यमा लिम्बुवानका आधा दर्जन मा.वि.मा र महेन्द्र संस्कृत विश्वविद्यालयको आंगिक क्याम्पस पिण्डेश्वर उच्च मा.वि. धरानमा समेत लिम्बु भाषामा पठनपाठनमा गराउन लि.वि.मञ्च सफल भएको छ ।

### ६.४.४. लिम्बुहरुको बिषयमा सरोकार राख्ने व्यक्तित्वहरुले प्रकाशन गरेका विभिन्न पुस्तकहरु तथा पत्रपत्रिकाहरु

लिम्बु जाती सँग सम्बन्धित यस्ता पुस्तक तथा पत्रपत्रिकाहरुले पनि लिम्बु जातीको संस्कृती जोगाउन महत्वपूर्ण योगदान पुऱ्याएको हुन्छ । यस्ता पुस्तकहरु जस्तै : आदिवासी लिम्बु जातीको संक्षिप्त इतिहास, च्याब्रूङको नालीबेली, लिम्बूवानको ऐतिहासिक अध्ययन, पाजाइवा मुन्धुम, लिम्बु जातीको चिनारी, आदि ।

यी माथीका बाहेक अन्य पनि यस्ता साना-ठूला संघसंस्थाहरु खुलेका छन् जसले सम्पूर्ण रुपमा लिम्बुहरुको उत्थानको  बारेमा कार्य गर्दछ । देश तथा विदेशमा रहेका लिम्बुहरुले यस्ता विभिन्न संस्थाहरु खोलेर लिम्बु भाषा तथा संस्कृतिलाई संरक्षण गर्न मद्दत गरेको छ ।

# अध्याय-७

## अध्ययनको सारांस र निश्कर्ष

### ७.१ सारांस

किरातहरु नेपालका पुराना बासिन्दाहरु हुन् । किरात शासनकालमा जम्मा २९ जना किराती राजाहरुले नेपालमा १२२५ वर्ष शासन गरेका थिए । पछि दक्षिणबाट आएका लिच्छवी वंशीहरुले किरातहरुलाई हराई आफ्नो शासन स्थापना गरेका थिए भने किरातीहरु विस्थापित भई काठमाण्डौं उपत्यकाबाट पूर्वी पहाडमा गई जंगल फाडेर बसे, त्यहि समयबाट हालसम्म पनि किरातहरुको मूख्य थलो नेपालको पूर्वी पहाडको नौं ओटा जिल्लाहरु रहेका छन् । उनीहरु साहसी, बलियो, छलकपट नभएका हुन्छन् । आफ्नो धर्म र मुन्धुमलाई अनुशरण गर्दै त्यहि नियम अनुरुप चल्दछन् ।

पूर्वी नेपालको पहाडी जिल्लाका लिम्बूहरु दश लिम्बुको रित अनुसार चल्ने र सत्र ओटा थुमहरुमा बसोवास गर्दछन् । यस शोधपत्रको अध्ययन क्षेत्र पनि लिम्बुवानको चौबिसे थुम हो । चौबिसमा प्रचलित च्याब्रुङ नाचका प्रकारहरु, यसमा महिलाको भूमिका, पहिचानका राजनितिका लागि च्याब्रुङ नाचको प्रयोग र वर्तमान अवस्थामा यसको संरक्षणका लागि भएका प्रयासहरुका बारेमा जानकारी प्राप्त गर्ने उद्देश्य अनुरुप यस शोधपत्रका लेख्न सुरु गरिएको हो । यस शोधपत्र तयार गर्नका लागि प्रयोग गरिएका अनुसन्धान विधिहरुमा प्रश्नावली, मूख्य व्यक्तिलाई लिइएको अन्तरवार्ता, अवलोकन विधिको प्रयोग गरि प्राप्त तथ्याङ्कलाई वर्णनात्मक तरिकाले प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्र धनकुटा जिल्लाको चौबिस थुम भित्र पर्ने १४ ओटा गा.वि.स. हरु मध्ये प्रत्येक गा.वि.स. बाट यस बारेमा जान्ने व्यक्तिहरुलाई मात्र छनौट गरेर ति मध्ये २ जनालाई प्रश्न सोधिएको थियो । जम्मा १४ ओटा गा.वि.स.का २८ जनालाई सोधिएको प्रश्नमा १० जना महिला र १८ जना पुरुष थिए । जसमा २५ देखि ६५ उमेर समूहका उत्तरदाताहरु थिए ।

किरात धर्म मान्ने लिम्बुहरुमा पनि कोहि सतिहाङ्मा धर्म लाई अनुशरण गर्ने र कोहिले पूर्ख्यौली परम्परा नै अपनाएको पाइयो । चौबिसेहरुलाई चौबिस थुममा कति प्रकारका च्याब्रुङ नाचहरु नाचिन्छ भन्ने प्रश्नमा च्याब्रुङका प्रकारहरु अनगिन्ती भएको र यति नै छ भनेर भन्न नसकिने उत्तर आयो । यसमध्ये पनि कसैले १०८ कसैले १० कसैले २६ प्रकारको हुन्छ भने, भने लिम्बु विशेषज्ञहरु समेतका उत्तरहरुमा पनि एकरुपता देखिएन । तर, च्याब्रुङ नाच चराचुरुङ्गी, जीवजन्तुको नक्कल गर्दै नाचिन्छ भन्ने उत्तर समान थियो । चौबिस थुममा प्रचलित रहेको च्याब्रुङ नाच कुसरक्पा,

थकथाम्मा, पुत्तुके, माङ्लाङ्, याम्फू नाच, दुङ्दुङे् नाच, नाबोन्जी, नाम्दात्ते नाच, कदमे नाच आदि नाचिने रहेछन् । त्यसैगरि यस्ता नाचहरु नयाँ घर बनाएपछि वा घर सर्दा थक्थाम्मा, पुजामा माङ्लाङ्, सतिहाङ्मा नमान्नेले दुङदुङे् पुजा गरि यो नाच नाचिन्छ यसमा येवा र उसको साथि मात्र नाच्ने गर्छन् ।

च्याब्रुङ नाचमा महिलाको भूमिका सहायक मात्र हुने, गीत गाउने, हात हल्लाउदै नाच्ने र कुनै महिलाले भने नाचमा नेतृत्व पनि गर्ने गरेको पाइयो । महिलाहरुले च्याब्रूङलाई बोकेर नाचेको त्यति पाईएन किनकि च्याब्रुङ ठूलो र भारी हुने र उनीहरुले बोकेर बजाउदै नाचे पनि धेरै समयको लागि नाचेको पाइएन । महिलाहरु च्याब्रुङ बजाउन चाहि जान्ने रहेछन् तर दिन भरी बजाउदै भने नाच्न भने नसक्ने रहेछन् ।

पुस्तौपुस्ता पहिले देखि नै राज्यको थिचोमिचोमा परेका लिम्बुहरुले आफ्नो भूमि, धर्म, संस्कृती, भाषा, लिपी जोगाउनका लागि पहिले देखि नै आज सम्म पनि निरन्तर रुपमा आन्दोलन गरिरहेका छन् तर पनि लिम्बुहरुले आफ्नो किपट भूमि बचाउन सकेनन् । तर पनि उनीहरुले आफ्नो संस्कार र संस्कृतीलाई भने हालसम्म पनि जोगाइरहेका छन् । लिम्बुहरुको पहिचान जनाउने आधार नै च्याब्रुङ हो । यसको आधारबाट नै लिम्बु हो भनेर थाहा पाउन सकिन्छ । लिम्बुहरु आफ्नो पहिचानलाई अझ शसक्त पार्न विभिन्न कार्यक्रमहरुमा अनिवार्य रुपमा च्याब्रुङ बजाईन्छ र नाचिन्छ ।जस्तैः विभिन्न आन्दोलनहरु, सांस्कृतिक झाँकीहरु विवाह, पूजा समारोह आदिमा च्याब्रुङ नाचिन्छ ।

वर्तमान अवस्थामा च्याब्रुङको संरक्षण गर्न लिम्बुहरु लागि परेका छन् । लिम्बुहरुको अभिभावक संघ किरात याक्थुङ चुम्लुङ्ले हालै 'एक घर एक च्याब्रुङ' भन्ने नारा ल्याएर यसको संरक्षण गर्ने प्रयास गरिरहेका छन् । साथै प्रत्येक लिम्बुहरुको विवाहमा अन्य बाजा नबजाए पनि च्याब्रुङ भने बजाउनु र नाच्नु पर्छ भन्ने नियम नै बनाएका छन् । विभिन्न जातीगत, स्थलगत संस्थाहरु खोलेर लिम्बु युवा युवतीहरुलाई प्रशिक्षण दिई च्याब्रुङ नाच्ने समूह बनाएर विभिन्न विवाह तथा कार्यक्रममा नचाउने कार्य पनि भइरहेको छ । यस्तो स्थीतिले गाउँमा समेत लोकप्रियता पाई बढ्दो रुपमा खुलिरहेका छन् । यसबाट पनि च्याब्रुङ नाचको  संरक्षण भइरहेको छ ।

## ७.२. निश्कर्ष

नेपालका आदिवासी जनजाती लिम्बूहरुका आफ्नो पृथक भाषा, संस्कृती, इतिहास रहेको छ । उनीहरुले मुन्धुममा उल्लेखित नियम अनुसार नै आफ्नो संस्कारगत कार्यहरु पूरा गर्ने गर्दछन् । लिम्बु मात्र नभएर राई, याख्खा, देवानहरुको पनि आफ्नै भाषा, संस्कार तथा नाचहरु रहेका छन् । लिम्बु, राई, याख्खा आदिको बाजा हेर्दा मिल्दोजुल्दो भए पनि यसको आकार, निस्कने ध्वनि र तालमा भने भिन्नता रहेको छ । च्याब्रुङ बाजा ठूलो बाजा समूह भित्रको बाजा हो भने राईहरुको ढोल चाहि च्याब्रुङको तुलनामा सानो हुन्छ । यिनिहरुको नाच्ने तरिका र तालमा पनि भिन्नता रहेको हुन्छ । याख्खाहरुले डोकेनी नाचमा ढोल बजाउछन् भने राईहरु बीचमा बसेर ढोल बजाउदै नाच्छन्, लिम्बुहरुले चाहि च्याब्रुङ बोकेर बजाउदै नाच्छन् । च्याब्रुङ नाचमा उनीहरुको दैनिक क्रियाकलापहरु झल्कने गर्दछ । जस्तैः धान काटेको नक्कल गर्दै नाच्नु, त्यसैगरि धान सुकाएको, धान काटेको, विउ रोपेको, नमस्कार गरेको, भोक लागेको, तिर्खा लागेको, घाम अस्ताएको, घाम उदाएको आदि सबै हातको इसाराले देखाउदै नाच्ने गर्छन् ।

एक्काइसौं शताब्दीको आधुनिकिकरणको युगमा पनि लिम्बुहरुले आफ्नो धर्म संस्कारमा अलिकति पनि परसंस्कृतिको प्रभाव पर्न दिएका छैनन् । बुढापाका देखि युवायुवती सम्मले आफ्नो संस्कृति र पहिचानका लागि संघर्ष गरिरहेका छन् । तर पनि केहि नयाँ पुस्ताका लिम्बुहरुले भने आफ्नो संस्कृतीलाई बेवास्ता गरि विदेशी संस्कृतीलाई अपनाएको पाइन्छ । किरात धर्म मान्ने राई लिम्बुहरुमा पनि विदेशी संस्कृतीहरुको प्रभाव नपरेको भने होइन । उनीहरुले आफ्नो धर्म संस्कृतीलाई त्यागेर इशाई धर्म मानिरहेको छन्, जुन किरात धर्म मान्नेहरुका लागि राम्रो कुरा होइन । तर पनि प्रत्येक व्यक्तिलाई आफ्नो इच्छा अनुरुप धर्म मान्न पाउने अधिकार नेपालको अन्तरिम संविधानको मौलिक हक अर्न्तगत समावेश गरिसकिएको छ ।

वर्तमान समयमा च्याब्रुङ नाच नाच्दा गीत गाउने प्रचलन एकदमै कम रहेको छ । तर यदाकदा गाउँघरमा भने गीत गाउँदै च्याब्रुङ नाच्ने प्रचलन रहेको छ । यसरी नै च्याब्रुङ नाच्दा गीत गाउन छाड्दै जाने हे भने पछिल्ला पुस्ताका लागि च्याब्रुङ गीत एकादेशको कथा जस्तै हुनेछ । छनौटमा परेका व्यक्तिहरुबाट आएको जवाफमा पनि अधिकांशले च्याब्रुङ नाच्दा गीत गाउदै नाच्ने गरेको बताए । तर हालसम्म पनि विवाहमा, पुजामा, चाडपर्बहरुमा च्याब्रुङ नाच्दा गीत गाएको पाईएको छैन । येहाङ लावतीका अनुसार थक्थाम्मा नाचमा मुन्धुम अनिवार्य गाइन्छ र यस्तो मुन्धुम गाउँदा थक्थाम्मा नाचको उत्पत्तीको कथालाई आधार मानेर गाइने रहेछ ।

च्याब्रुङ नाचको प्रशिक्षण अनिवार्य दिने कुनै त्यस्ता संस्था वा व्यवस्था पनि नभएले च्याब्रुङ नाचको सिकाईमा समस्या आएको छ । च्याब्रुङ नचाउने व्यक्तिगत संस्थाहरु खुलेता पनि यसले सिमित व्यक्तिहरुलाई मात्र नाच्न सिकाउदछ । जसलाई थाहा हुन्छ उसले मात्र सिक्ने अवशर प्राप्त गर्दछ, अन्य भने यस बारे बेखवर हुन्छन्, यहि कारणले गर्दा नै युवा पुस्ताहरु यस बारेमा चासो पनि कम राख्ने गरेका छन् । किरात याक्थुम चुम्लुङ्का पूर्व अध्यक्ष अर्जुन लिम्बुका अनुसार- च्याब्रुङ नाचको सीप हस्तान्तरण हुने काम नै विवाहमा हुन्छ । जब नाच्ने समूहहरु थाक्छन् वा खाजा खान्छन् त्यसबेला अरु गाउँलेहरु तथा हेरिरहेका मानिसहरु च्याब्रुङ लिएर जिस्कदै उनीहरुको सिको गर्दै नाच्छन् यहि समयमा नै नाच्न सिक्ने प्रकृया शुरु हुन्छ । यसबेला पुरुषहरु जिस्कदै नाच्ने गर्दछन् तर महिलाहरु भने नाच्न लजाउने कारण च्याब्रुङ नाचमा सहभागिता कम हुने गर्दछ । चौबिसे क्षेत्रमा बसोबास गर्ने लिम्बूहरुलाई च्याब्रुङ नाचको उत्पत्तीको सम्वन्धमा त्यति थाहा नभएको पाइयो तर शहर तिरका लिम्बुहरुलाई भने यस बारेमा ज्ञान भएको पाइयो । यसको कारण गाउँ तिर लिम्बुहरुले लेखेका किताबहरुको पहुँच नपुग्नु र गाउँका बुढापाकाहरुलाई थाहा भए पनि अहिलेको युवाहरुले त्यसप्रति चासो नदेखाएको कारण उनीहरु मै सिमित भएको छ ।

# सन्दर्भसामग्री

## नेपाली भाषाका सन्दर्भ सामग्रीहरु

आङ्बुङ्, डि.बि. (२०७२), "याक्थुम् साक्थिम् ओ केलाङ्नु के साम्याक्मा साम्लो" गोरखापत्र, बर्ष-११५, अंक- १०७,भाद्र, ४ गते शुक्रवार ।

केन्द्रिय तथ्याङ्क विभाग(२०६८),नेपाल सरकार, जनसंख्या तथा वातावरण मन्त्रालय,रामशाह पथ, काठमाण्डौ ।

खजुम, आइत (२०७१), **"च्याब्रुङको नालीबेली"**, सुनसरी, नेपालः विश्व याक्थुम मुन्धुम समाज।

तुम्बापो, नारायण (२०६३),"लिम्बु महिलामा जातिय गहनाको मोह" गोरखापत्र, भाद्र १८ गते ।

तुम्बाहाङ्ग, गोविन्दबहादुर (२०६८), ***लिम्बु जातीको चिनारी,*** आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, जावलाखेल, ललितपूर र किरात याक्थुङ चुम्लुङ सोभाहिटी, ललितपूर, नेपाल ।

निङवा एन(लिम्बु साँस्कृतिक म्यूजिक भिडियो),युमा आर्ट एन्ड कल्चर सेन्टर ।

धनकुटा जिल्ला विकाश समितिको पार्श्वचित्र(२०६६), जिल्ला विकाश समितिको कार्यालय सूचना,अभिलेख तथा प्रकाशन शाखा ।

नेम्बाङ, अशोक कुमार (२०६०),"***सम्पूर्ण १७ थुमको किपट सम्पूर्ण लिम्बुहरुको थरर किपट र ३ थरीका वंशावली***", वीरशेरमान लिम्बु , मुद्रण : न्यू पूर्वेली प्रिन्टिङ्ग उद्योग धरान, सुनसरी ।

माबुहाङ, अर्जुनबाबु (२०६९), ***"लिम्बुजातीको मुन्धुम र इतिहस",*** हरिश्चन्द्र माबुहाङ र भीम माबुहाङ

याक्थुम्वा, मञ्जुल (२०६२), ***"मौलिक किरात धर्म-संस्कार",*** धनजीत येभेङ लिम्बू, राजकुमार फोम्बो लिम्बु, मूद्रण : शिखर समून्द्र अफसेट प्रस, बागबजार ।

राई, भक्त (२०७१),***"किरात-साम्पाङ पहिचानमा लोकगीतको भूमिका",*** नेपाली डायस्पोरा वाङमय प्रतिष्ठान, कोटेश्वर, काठमाण्डौं, मुद्रण : नेपालमा मुद्रित ।

राई, शालिक शातासक (२०६९) :***"राई जाति",*** *किरात प्रज्ञा,* पाथीभरा अफसेट प्रेस, काठमाडौं ।

लावती, येहाङ (२०६२) : ***"आदिवासी लिम्बु जातीको संक्षिप्त परिचय"***, दिलबहादुर लाओती, मुद्रण : कञ्चन प्रिन्टिङ प्रेस, बागबजार, काठमाण्डौं

लिम्बु फिल्म केबा कोक्मा(लाटो पहाड)२०६९,आईन्द्र सुन्दर नेम्बाङ

सुब्बा, धनहाङ (२०७३), सेक्मुरी फुङ,**"लिम्बुवानका लोककथाहरु"** निलिमा साँवा तथा नविन फोम्बो, कञ्चन प्रिन्टिङ्ग प्रेस ।

सुवेदी, पुण्य प्रसाद (२०७३) : लिम्बुनी चेलीहरु, ***"पहिचानको खोजी"***काठमाण्डौं, इन्डिजिनियस मिडिया फाउन्डेसन, अनामनगर ।

सेनेहाङ्ग, दिल (२०६७) : ***"लिम्बुको थर, बसोबास र संस्कृति",***काठमाडौं, प्रदिप्त प्रिन्टीङ एण्ड पब्लिसिङ ।

शर्मा, जनकलाल (२०५८): "***हाम्रो समाज : एक अध्ययन"***, ललितपुर साझा प्रकाशन छापाखाना ।

श्रेष्ठ, शिवकुमार (२०६८) : ***"लिम्बुवानको ऐतिहासिक अध्ययन"***,सुभास प्रिन्टिङ्ग प्रेस नकबहिल, ललितपुर ।

श्रेष्ठ, शिवकुमार (२०६९) :ढोल नाचको उत्पत्ती, **"किराती लोककथाहरु"**, सम्पादक: अम्मर तुम्याहाङ ।

विष्ट, डोरबहादुर (२०६४): ***"सबै जातको फुलबारी"***, साझा प्रकाशनको छापाखाना, ललितपुर ।

**अंग्रेजी भाषाका सन्दर्भ सामग्रीहरु**

Chemjong, imansing (2003), *"History and culture of kirat people"* : kirat yakthung chumlung central office, mahalaxmithan, lalitpur.

Devkota, Padam Lal & Ojha, Netra Kumar (2009), "*Theoretical Perspective in Sociology":* Kirtupur**,** Academic Book Centre.

https://www.Infoilam.blogpost.com

https://www.Nepalesfolkdance.blogpost.com

https://www.Wikipedia.org.com

Lionel Caplan (1970), "*land and social change in east Nepal*" : a study of Hindu-Tribal relations, rout ledge and Regan Paul limited, London (reprinted in 2007 by Himal books)

लिम्बु जातिको प्रचलित च्याब्रुङ नाच र महिलाको सहभागिता सम्बन्धित प्रश्नावली

**उत्तरदाताको व्यक्तिगत विवरण :**

१) क)नामः ........................................................

ख) उमेर : ......................  ग) लिङ्ग : ......................

(घ) शिक्षा : ......................  ङ) धर्म : .........................

च) ठेगाना : .................................

२) तपाइको वैवाहिक स्थिति के होला ?

क) विवाहित ☐  ख) अविवाहित ☐

३) तपाइको पेशा के होला ?

क) कृषि ☐  ख) व्यापार ☐

ग) नोकरी ☐  घ) ज्यालामजदुरी ☐

ङ) अन्य ☐

**खण्ड क**

१) तपाईलाई च्याब्रुङ नाचको बारेमा थाहा छ ?

क) छ ☐  ख) छैन ☐

२) तपाईको गाउँमा बसोवास गर्ने सबै लिम्बु बासिन्दाहरुलाई च्याब्रुङ नाचका बारेमा थाहा छ ?

क) थाहा छ ☐  ख)थाहा छैन ☐  ग) केहि लाई मात्र थाहा छ ☐

३) च्याब्रुङ नाचको कसरी शुरुवात भयो तपाईलाई थाहा छ ?

............................................

४) के तपाईको घरमा च्याब्रुङ छ ?

क) छ ☐

ख) छैन ☐

५)च्याब्रुङ नाच कहिले-कहिले नाचिन्छ ?

.................................................................................................

६) च्याब्रुङ नाच कति प्रकारका हुन्छन् ?

..............................

७) यि मध्ये यस ठाउँमा कुन-कुन प्रकारको च्याब्रुङ नाच विशेष नाचिन्छ ?

८) यो विशेष प्रकारको च्याब्रुङ नाच कसरी नाचिन्छ ?

९) तपाईलाई च्याब्रुङ बनाउन आउँछ ?

क) आउँछ ☐ ख) आउँदैन ☐

१०) च्याब्रुङ बनाउँदा कुन-कुन प्रकारको रुख बाट बनाईन्छ ?

क) ................ ख) .....................

ग) .................... घ) .........................

११) च्याब्रुङ बनाउँदा कुन जनावरको छाला प्रयोग गरी बनाइन्छ ?

क) गोरु ☐ ख) बाख्रा ☐ ग) बाघ ☐

१२) तपाइको गाउँका सबै लिम्बु जातिको घरमा च्याब्रुङ बनाउने सामग्री छ ?

क) छ ☐ ख) छैन ☐ ग) केहिकोमा मात्र छ ☐

१३)च्याब्रुङ बनाउने सामग्रीहरु संकलन गर्न कतिको सहज छ ?

क) सहज छ ☐ ख) कठिन छ ☐

१४) लिम्बुहरुको जीवनमा च्याब्रुङको महत्व कतिको छ ?

☐ ☐ ☐

क) एकदमै महत्वपूर्ण छ    ख) ठीकै छ    ग) त्यति छैन

**खण्ड ख**

१) पहिचानको राजनिति भनेको के हो बुझ्नु हुन्छ ?

क) बुझ्छु ☐    ख) बुझ्दिन ☐

२) च्याब्रुङ नाचको संरक्षणले लिम्बु पहिचान गर्नमा महत्वपूर्ण भुमिका खेल्छ ?

क) खेल्छ ☐    ख) खेल्दैन ☐

३) खेल्छ  भने कस्तो प्रकारको भूमिका खेल्छ ?

....................

४) च्याब्रुङ नाच लिम्बु जातिको पहिचानको मूख्य तत्व भएकोले यसको संरक्षणको लागि तपाईहरुले वर्तमानमा के-कस्ता योजनाहरु बनाउनु भएको छ ?

.....................................

५) च्याब्रुङ नाच परुषहरु मात्र नाच्छन् कि महिलाहरु पनि नाच्छन् ?

.................................

**खण्ड ग**

१) के तपाई लाई च्याब्रुङ नाचलाई संरक्षण गर्नु पर्छ भन्ने विचार आउँछ ?

क) आउँछ ☐    ख)आउँदै ☐

२) च्याब्रुङ नाचको संरक्षण गर्नका लागि तपाईको क्षेत्रबाट के गर्नु भएको ?

३) तपाईको गाउँमा च्याब्रुङ नाचको संरक्षण र संबर्धन गर्न कतिको आवश्यक छ ?

४) तपाईका विचारमा च्याब्रुङ नाचको संरक्षण गर्न के-कस्ता कार्यहरु गर्नु पर्छ होला ?

५) च्याब्रुङ नाचको संरक्षण गर्न गरिएका प्रयासहरुले भविष्यमा च्याब्रुङ नाचलाई सूरक्षित गर्न सक्छ /कसरी सक्छ ?

६) च्याब्रुङ नाचलाई तपाईको गाउँमा आर्थिक पक्षसंग जोडेको छ, अथवा च्याब्रुङ नाचे बापत पैशा लिनु हुन्छ कि हुन्न ?

............................................

७) पैसा लिनु हुन्छ भने कति सम्म लिनु हुन्छ ?

.........................................................

८) यसरी प्राप्त रकमलाई के का लागि खर्च गर्नु हुन्छ ?.

९) तपाईको गाउँमा च्याब्रुङ नाच नचाउने कुनै संस्था वा क्लब छ ?

क) छ ☐ ख) छैन ☐

१०) यस्ता संस्थाहरुको मूख्य उद्देश्य के हो ?

११) पैसा कमाउनु मात्र हो कि अन्य कारणहरु पनि छन् ?